नेपाल सुनचाँदी व्यवसायी महासंघ
Federation of Nepal Gold & Silver Dealers' Association

# स्वर्ण दर्पण

स्वर्ण दर्पण

त्रैमासिक बुलेटिन वर्ष ४ अंक १ ने.स. ११४१ आषाढ २०७८

# कोरोनावाट जोगिन सुनचाँदी ब्यवसायी महासंघद्वारा सचेतना अभियान सञ्चालन

फेनेगोसिडा/काठमाडौं।

विश्वब्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ वाट बच्न र बचाउन नेपाल सुनचाँदी व्यवसायी महासंघले सचेतना अभियान शुरु गरेको छ। अभियानको पहिलो चरण अन्तर्गत महासंघले प्राध्यापक डा. जगदिश प्रसाद अग्रवालको प्रमुख आतिथ्यतामा भर्चुअल माध्यमवाट सचेतना कार्यक्रमको आयोजना गर्यो।

देशभरका झण्डै तीन सय व्यवसायी सहभागी सो कार्यक्रममा प्राध्यापक डा. अग्रवालले पर्याप्त सचेतता अपनाएमा कोभिड हुनबाट वच्न सकिने वताउनुभयो । नेपाल सुनचाँदी व्यवसायी महासंघले व्यवसायीक सचेतनाका लागि आयोजना गरेको भर्चुअल बैठकमा प्रमूख अतिथि डा. अग्रवालले अहिलेको अवस्थामा आफ्नो सुरक्षा आफैंगर्न अग्रसर हुनुपर्ने खाँचो समेत औंल्याउनु भयो।

उहाँले भन्नुभयो, 'कोरोनावाट बच्न रोग




प्रतिरोधात्मक शक्ति बलियो हुनुपर्दछ । यसका लागि नियमित र अनुशासित रुपमा अभ्यास गर्नुपर्दछ ।' इम्युनिटी बनाउने कृयाकलाप गर्ने, स्वस्थ र सुखी रहने, सकारात्मक सोच राख्ने, पर्याप्त सुत्ने, रम्ने, रमाउने, जस्ता कार्य गर्दा कोरोना महामारिवाट लाभ पुग्छ ।' कोरोनाका कारण मृत्युदर बिश्वमा २ प्रतिशत भन्दा बढी रहे पनि नेपालमा त्यो भन्दा कम रहेको उहाले प्रष्ट पार्नुभयो। 'स्वस्थ शरिर नै मानिसको शक्ति' हो भन्ने मूल नाराका साथ अगाडि सारिएको सो कार्यक्रममा मास्कको प्रायेग सवैभन्दा महत्वपुर्ण भएको डा. अग्रवालले बताउनुभयो।

(बाँकी पृष्ठ २ मा)

## यस भित्र ...

पे.न. समाचार शीर्षक
२. सुनचाँदीको दरभाउ चाट
३ उद्योग वाणिज्य महासंघको......
४. राष्ट्र बैंकका गभर्नर अधिकारीबीच......
५. बजारको आवश्यकता अनुसार......
६. सुनचाँदी व्यवसायलाई व्यवस्थित गर्न......
७. सुनको आपूर्ति बढाउन सरकार......
८. महासंघका विविध क्रियाकलापहरू......
१०. शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन......
११. राज्यले लगानीको सुरक्षा गर्नुपर्छः अध्यक्ष....
११. महासंघद्वारा समवेदना व्यक्त
१२. नेपाल हस्तकला महासंघद्वारा......
१३. सुनचाँदी व्यवसायी संघ कास्कीको.....
१४. महान्यायाधिवक्ता रमेश बडालसंग......
१४. प्रहरी महानिरिक्षक शैलेश थापा......
१५. माणिक रत्न शाक्यको अध्यक्षतामा......
१६. नेपाल सुनचाँदी व्यवसायी महासंघको कार्य समिति

## सुनचाँदी क्षेत्रको विकास र विस्तारका एजेण्डा राष्ट्रिय नीतिमा समावेस गर्न पहल

फेनेगोसिडा/काठमाडौं।



सुनचाँदी क्षेत्रको विकास र विस्तारका लागि यो क्षेत्रका एजेण्डाहरुलाई राष्ट्रिय नीतिमा समावेस गर्न पहल शुरु भएको छ । सुनचाँदी व्यवसाय सञ्चालनका क्रममा आवश्यक पर्ने नीतिगत व्यवस्था, पर्याप्त कच्चा पदार्थ आपूर्तिको सुनिश्चितता तथा तालिम एवं खानी उत्खनन जस्ता महत्वपूर्ण बिषयहरुलाई मुलुकको आवधिक योजनामा नै समावेस गर्नका लागि यो पहल शुरु गरिएको हो।

(बाँकी पृष्ठ ४ मा)

Phone: 014532270, Fax: 4532271, E-mail: info@fenegosida.org / Website: **www.fenegosida.org**

## सम्पादकीय

# उच्च स्वाश्थ्य सुरक्षामा जोड



विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ ले यतिवेला सिङगो विश्वलाई नै आक्रान्त वनाएको । यसवाट बच्च र बचाउन अहिले सिङगो विश्व समुदाय लागिरेहको भए पनि अझैसम्म यसलाई पूर्णरुपमा नियन्त्रण गर्न नसकेको अवस्था छ । विश्वव्यापी महाव्याधिले कुनै पनि भौगोलिक सिमा, वैज्ञानिक आविस्कार एवं सम्पन्न र विपन्न विचको दुरी, जातजाती, धर्म संस्कृति लगायतका सवै कुराहरुलाई पन्छाएर आम मानिसको वीचमा त्रासदी फैलाएको छ। यसलाई चिरेर यसवाट जोगिँदै आआफ्नो पेशा, व्यवसायलाई निरन्तरता दिनसक्नुपर्ने खाँचो अहिले देखिएको छ।

कोभिड १९ को महामारीलाई चिर्न सहयोग पुर्याउने उद्धेश्यले नेपाल सुनचाँदी व्यवसायी महासंघले सचेतना अभियान लगायतका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यसले केही हदसम्म भएपनि व्यवसायीलाई राहतको दिएको छ।

कोभिड १९ को महामारीले सुनचाँदी व्यवसायलाई पनि नराम्ररी प्रभावित वनाएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघ २०६९ साल फाल्गुण २० गते विधिवत दर्ता भएको नेपाल भरिका सुनचाँदी व्यवसायीहरुको छाता संगठन हो । देशभरिका विभिन्न ६६ वटा जिल्ला/नगरहरु तथा वस्तुगत संघ र एसोशिएट सदस्य रहेका सुनचाँदीका व्यवसायी संघहरु महासंघमा आवद्ध रहेका छन र अन्य थप जिल्लाका व्यवसायीहरु महासंघमा आवद्ध हुन प्रतिक्षामा छन् ।

२०४४ सालमा देशभरिका सुनचाँदीका व्यवसायी हरुको हक हित र व्यवसायीक अधिकार प्राप्तीका लागि यस महासंघले निरन्तर पहल गरि आएको छ। अहिलेको बिकराल अवस्थामा सम्पूर्ण व्यवसायीहरु स्वाश्थ्य मापदण्ड पुर्णरुपमा पालना गरी सुरक्षीत रहन आवश्यक छ।

# कोरोनावाट जोगिन सुनचाँदी व्यवसायी...

यस वाहेक हात धुने, मास्क लगाउने, सामाजिक दुरी कायम गर्ने र सजग बन्ने नै महत्वपूर्ण उपाय भएको उहाँले बताउनु भयो । कोरोना भाइरस हावावाट पनि सर्न सक्ने कुरा वाहिर आएकोले अहिले मास्क नै सवैभन्दा बढी महत्वपूर्ण भएको उहाँले बताउनु भयो।

कोरोना लाग्नवाट कसरी वच्ने ? कोरोना लागिसके पछि के गर्ने र निको भएपछि पनि के कसरी सावधानी अपनाउने भन्ने विषयमा उहाँले प्रकाश पार्नुभयो । कोरोना लागिसके पछि र निको भैसकेपछि पनि पर्याप्त ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।



यो रोगसँग लड्नका लागि कोरोना पोजेटिभ भए पनि नआत्तिनु नै यसको उपचारको सवैभन्दा ठूलो ब्म्हास्त्र भएको उहाँको भनाई छ । कोरोना लागेर निको भैसकेपछि पनि समय समयमा चेक जाँच गर्दा राम्रो हुने उहाँले बताउनु भयो । कार्यक्रमको उद्घाटनका क्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले अहिलेको विकराल अवस्थामा कोरोनावाट बच्नका लागि भ्याक्सिन अपरिहार्य भएको उल्लेख गर्दै यथासिघ्र भ्याक्सिनको व्यवस्था हुनुपर्ने आवश्यकता औंल्याउनु भयो।

नेपाल सुनचाँदी व्यसायी महासंघका उपाध्यक्ष एवं व्यवसायीक हितका निमित्त गठीत समितिका संयोजक पवन कुमार सोमानीको अग्रसरतामा सो कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रम नेपाल सुनचाँदी व्यवसायी महासंघका महासचिव धर्म सुन्दर बज्राचार्यले सञ्चालन गर्नुभएको थियो।

महासंघका वरिष्ठ उपाध्यक्ष अर्जुन रसाइलीले कार्यक्रमको अन्त्यमा धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष मोहन कुमार सुनार, बिशिष्ठ सदस्य मणि रत्न शाक्य, पदाधिकारी, कार्यसमिति सदस्य, साधारण सदस्य तथा व्यवसायी तथा शुभेच्छुकहरुको सहभागिता थियो।

मोरङको रङगेलीमा जन्मिनु भएका कार्यक्रमका प्रमुख बक्ता डा. अग्रवाल नेपालको पुरानो र अनुभवी व्यक्तित्व हुनुहुन्छ । महासंघले यस किसिमका सचेतनामूलक कार्यक्रम आगामी दिनमा पनि सञ्चालन गर्दै जाने जनाएको छ।

# सुनचाँदीको दरभाउ चार्ट

## (२०७७ माघ - २०७८ असारसम्म)

Gold graph in 10 gms — Gold




Silver graph in 10 gms — Silver



# उद्योग वाणिज्य महासंघको प्रतिनिधी मण्डलसँग व्यवसायिक हितका बिषयमा महासंघको छलफल

फेनेगोसिडा/काठमाडौं।



सुनचाँदी व्यवसायीहरुले सुन आयातमा निजी क्षेत्रलाई सहभागी गराउन माग गरेका छन्। सुनमा कोटा प्रणाली लागु हुँदै आएको र कोटामा तोकिए अनुसारको सुन पनि बैंक मार्फत मात्रै ल्याउनुपर्ने विद्यमान व्यवस्था हटाउन र अहिलेको खुल्ला बजार अर्थनीतिमा कोटा प्रणालीमा सुन आयात गर्ने व्यवस्थामा सुधार ल्याउन उनीहरुले माग गरेका हुन्।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छासँगको भेटमा नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरुले सुनचाँदी व्यवसायीले अगाडि सारेको मागमा आवश्यक सहयोगगर्न महासंघसँग आग्रह गरे। अध्यक्ष गोल्छासँगको भेटकाक्रममा सुनचाँदी व्यवसायीका तर्फवाट महासंघका अध्यक्ष माणिक रत्न शाक्यले निर्वाधरुपमा व्यवसाय सञ्चालनको वातावरण वन्नुपर्ने, निर्यात प्रवर्द्धनका लागि आवश्यक नीतिगत व्यवस्था हुनुपर्ने, स्वदेशमा नै सुनचाँदी तालिक केन्द्रहरु सञ्चालन गरिनुपर्ने तथा कच्चा सुन प्रशोधन केन्द्र समेत स्थापना गरिनुपर्ने लगायतका विषयलाई कार्यान्वयनमा ल्याउन महासंघको सहयोगको अपेक्षा गरिएको बताउनुभयो।

त्यसक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष गोल्छाले सुनचाँदी व्यवसायीका समस्या समाधानका लागि सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो। व्यवसायीका जायज मागमा महासंघले सदैव सहयोग गर्ने प्रतिवद्धता जनाउँदै अध्यक्ष गोल्छाले अहिलेको खुल्ला बजारमा कोटा प्रणाली ठीक नभएको भन्दै त्यसलाई खारेज गरी समसामयिक व्यवस्था लागुगर्न माहसंघले पहल कदमी लिने विश्वास व्यक्त गरे। आयातित सुन पुनः विदेश नजाओस भन्नकालागि सिमा नाका जोडिएका मुलुकमा भन्दा बढी भन्सार दर कायम गर्न सकीने व्यवसायीको सुझाव छ।

देशभर दैनिक सरदर ३० देखि ४० किलोसम्म सुनको माग हुने गरेको विभिन्न अध्ययनवाट देखिएको छ। तर बजारमा भने त्यो भन्दा कम मात्र सुन आयातको व्यवस्था छ।

# महासंघ र चेम्वरका प्रतिनिधि मण्डल वीच छलफल

फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघ र चेम्वर अफ कमर्शका प्रतिनिधि मण्डलवीच समसामयिक बिषय वस्तुका बारेमा छलफल भएको छ। सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधि मण्डलले चेम्वरका तत्कालिन अध्यक्ष राजेश काजी श्रेष्ठ लगायत अन्य पदाधिकारीहरुसँग समसामयिक व्यवसायीक बिषयमा छलफल गरेको हो।



त्यसक्रममा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक नीति नियम तर्जुमा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला तथा गोष्ठिको आयोजना र तालिम लगायका बिषयमा आपसी सहयोग र समन्वयनका बिषयमा छलफल भएको थियो।

छलफलका चेम्वरका तर्फवाट अध्यक्ष श्रेष्ठका साथै राजेन्द्र मल्ल, कमलेश अग्रवाल लगायका व्यवसायी सहभागी हुनुभएको थियो। यस्तै सुनचाँदी व्यवसायीका तर्फवाट अध्यक्ष शाक्य, सचिव किरणभाई बज्राचार्य लागायतको सहभागिता थियो।

# सिटिइभिटिद्वारा संचालित वेबिनारमा महासंघको सहभागिता

फेनेगोसिडा/ भक्तपुर। प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (सिटिइभिटि) ले आयोजना गरेको व्यवसायीक योग्यता सम्वन्धि वेबिनारमा नेपाल सुनचाँदी व्यवसायी महासंघले पनि सहभागिता जनाएको छ। सिटिइभिटिका व्यवसायीक योग्यता प्रणाली परियोजनाका टिम लिडर देवी प्रसाद दहाल र राष्ट्रिय सिप परीक्षण समितिका निर्देशक टेक बहादुर मल्लको संयोजकत्वमा सो वेबिनार सम्पन्न भएको हो।

वेबिनारमा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यका साथै महासंघका विभिन्न पदाधिकारीहरुको सहभागिता थियो।

त्यस क्रममा सिटिइभिटि र महासंघवीच तालिम तथा प्राविधिक सहयोग हस्तान्तरण लगायतका विषयमा सहकार्य गर्ने बारेमा छलफल भएको थियो।

## महासंघको प्रतिनिधी मण्डल र मन्त्री श्रेष्ठबीच भेटवार्ता

फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यबसायी महासंघको प्रतिनिधी मण्डलले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं महासंघका सल्लाहकार कृष्ण गोपाल श्रेष्ठसँग भेटवार्ता गरेको छ । महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा गएको प्रतिनिधी मण्डलले मन्त्री निवास पुल्चोकमा भेटवार्ता गरेको हो । त्यसक्रममा सुनचाँदी व्यवसायका विभिन्न पक्षका बारेमा छलफल भएको थियो । व्यवसायीका तर्फवाट महासंघका अध्यक्ष शाक्यले सुन आपूर्तिमा भएको कमीले उत्पन्न समस्याको बारेमा मन्त्रि श्रेष्ठलाई जानकारी गराउनुभयो । मन्त्रि श्रेष्ठ महासंघका सल्लाहकार समेत हुनुहुन्छ।

## सुनचाँदी क्षेत्रको विकास र विस्तारका...

नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको अग्रसरतामा शुरु गरिएको यो पहल अन्तर्गत पहिलो चरणमा राष्ट्रिय योजना आयोगको ध्यानाकर्षण गराइएको छ। यसकालागि महासंघका अध्यक्ष शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधीमण्डल सँगको भेटकाक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. पुष्पराज कँडेलले सुनचाँदी क्षेत्रको वृहत्तर विकास र विस्तार गर्दै यसैको माध्यमवाट राष्ट्रिय अर्थतन्त्रमा समेत महत्वपूर्ण टेवा पुग्ने गरी नीतिगत व्यवस्था गर्न आफू तयार रहेको बताउनुभयो।

उपाध्यक्ष कँडेलले यस क्षेत्रको विकासका लागि आवश्यक पर्ने नीतिगत व्यवस्थामा समेट्नुपर्ने एजेण्डाहरुलाई लिपिवद्ध गरी आयोगमा उपलब्ध गराउन व्यवसायीहरुलाई आग्रह समेत गर्नुभयो । बिश्व बजारमा सुनचाँदीको क्षेत्रमा उल्लेख्य रुपमा विकास र विस्तार भैसकेको चर्चागर्दै उहाँले नेपालमा पनि छिमेकी मुलुकहरुमा अवलम्बन गरिएका व्यवस्थाहरुको अध्ययनगरी आवश्यकता अनुसार समेट्दै जान सकीने वताउनुभयो।

त्यसक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यले प्रष्ट नीतिको अभावमा सुनचाँदी व्यवसायमा धेरै समस्या आएको बताउनु भयो । सुनचाँदी व्यवसाय सम्वन्धी प्रष्ट नीतिगत व्यवस्था गर्दै कच्चा पदार्थको पर्याप्त आपूर्ति एवं कालिगढको सुनिश्चितता जस्ता कुराहरुमा ध्यान दिन सकीए यस क्षेत्रवाट राष्ट्रिय अर्थतन्त्रमा समेत ठूलो टेवा पुग्ने बिश्वास उहाँले व्यक्त गर्नुभयो । त्यस क्रममा महासंघका विभिन्न पदाधिकारीहरुको समेत सहभागिता थियो।

## सुनचाँदी व्यवसायी महासंघका पदाधिकारी र राष्ट्र बैंकका गभर्नर अधिकारीबीच भेटवार्ता



फेनेगोसिडा/काठमाडौं।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले स्वदेशी श्रम र शीपलाई प्रवर्द्धनगर्न आग्रह गर्नुभएको छ। नेपालको ठूलो जनशक्ति रोजगारीकालागि विदेश पलायन हुनुपरेको विद्यमान अवस्थामा पनि नेपालमा भने कयौं क्षेत्रमा अझै पनि विदेशी कालिगढको वाहुल्यता रहेको उल्लेख गर्दै उहाँले स्वदेशमा नै पर्याप्त तालिमको व्यवस्थागरी रोजगारी प्रवर्द्धनगर्न सकीने बताउनु भएको छ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका प्रतिनिधीमण्डल सँग राष्ट्र बैंकमा भएको छलफलमा गभर्नर अधिकारीले सुनचाँदीको क्षेत्रमा कामगर्नका लागि पर्याप्तमात्रामा स्वदेशी कालिगढ उत्पादनगर्न र विदेशी कालिगढलाई विस्थापित गर्न सुझाव दिनुभयो। स्वदेशी कालिगढ उत्पादनका लागि आवश्यक पर्ने शीप विकास तालिमका लागि राष्ट्र बैंकले समेत सहयोग गर्ने प्रतिवद्धता समेत उहाँले व्यक्त गर्नुभयो।

एक तथ्याङक अनुसार नेपालको सुनचाँदी क्षेत्रमा मात्रै झण्डै ७० हजार विदेशी कालिगढले काम गर्दै आएका छन्। जसवाट ठूलो धनराशी विदेसिँदै आएको छ। व्यवसायी सँगको छलफलका क्रममा गभर्नर अधिकारीले भुक्तानीमा डिजिटल प्रणाली 'क्युआर कोड' लागु गर्न समेत जोड दिनुभयो।

अहिलेको डिजिटल युगमा परम्परागत शैली प्रयोग गर्नु आफैंमा अव्यवहारिक भएको उल्लेख गर्दै सुनचाँदी व्यवसायमा हुने भुक्तानी प्रणालीलाई पनि तत्काल डिजिटल प्रणालीमा परिमार्जन गर्न उहाँले आग्रह गर्नुभयो । 'सुनचाँदीको क्षेत्रमा ठूलाठूला कारोबार हुने गरेको भएपनि अझै सम्म पनि यस्तो कारोबार परम्परागत प्रविधि अनुरुप नै हुनेगरेको छ,' उहाँले भन्नुभयो 'समय सापेक्ष रुपमा कारोबार प्रणालीमा परिमार्जन ल्याउन आवश्यक छ।'

सुनचाँदी व्यवसायीले अगाडि सारेका मागहरुबारे आफू सकारात्मक रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले संभव भएसम्म माग पुरा गराउन राष्ट्र बैंक तयार रहेको बताउनु भयो।

उहाँले तोकिएका नाकाहरुवाट पनि सरल र सहज रुपमा सुन वितरणको व्यवस्था मिलाउन, १५ दिन अगावै सिफारिस विना नै सुन विक्री गर्ने गरिएको भए त्यसलाई नियन्त्रण गर्न, आपूर्तिमा लागु हुँदै आएको कोटाको सिमा पुनरावलोकन गर्न र व्यवसायीले उठाएका अन्य जायज मागहरुको सम्वोधन गर्न राष्ट्र बैंक तयार रहेको बताउनु भयो।

त्यस क्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले व्यवसाय सञ्चालनका दौरानमा आइपरेका समस्याहरु जानकारी गराउँदै तीनलाई हल गर्नका लागि पहल गर्न आग्रह गर्नुभयो । गभर्नर अधिकारीसँगको भेटका क्रममा महासंघका विभिन्न पदाधिकारीहरुको सहभागिता थियो।

## काठमाडौं उपत्यका वाहिरवाट पनि सुन वितरण सहजगर्न बैंकर्स संघले पहल गर्ने

फेनेगोसिडा/काठमाडौं।

नेपाल बैंकर्स संघ काठमाडौं उपत्यका वाहिरवाट पनि सहज रुपमा सुन वितरण गर्न सहमत भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघ र बैंकर्स संघका पदाधिकारीहरु बीच हालै भएको छलफलमा यस्तो सहमति भएको हो।

नेपाल सुनचाँदी व्यवसायी महासंघ र बैंकर्स संघवीचको छलफलकाक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यले काठमाडौं उपत्यका वाहिरवाट सहजरुपमा सुन वितरण नगरिँदा व्यवसायीहरुले दु:ख खेप्नु परेको भन्दै यथासिघ्र उपत्यका वाहिरका तोकिएका स्थानहरुवाट समेत सहज तरिकाले सुन वितरणको व्यवस्था मिलाउन आग्रह गर्नु भयो। त्यस क्रममा बैंकर्स संघका अध्यक्ष भुवन कुमार दाहाल लगायत संघका पदाधिकारीहरुले व्यवसायीको मागप्रति आफूहरु सकारात्मक रहेको र त्यसलाई कार्यान्वयनमा ल्याउन संघ तयार रहेको बताउनु भएको थियो।

नेपाल राष्ट्र बैंकले यसअघि नै उपत्यका वाहिरवाट पनि सुन वितरणको व्यवस्था मिलाउने बिषयलाई मौद्रिक नीतिमा समावेस गरिसकेको छ । यद्यपी सो बिषय हालसम्म प्रभावकारी रुपमा कार्यान्वयनमा आउन सकेको छैन। जसका कारण उपत्यका वाहिरका व्यवसायी सुन खरिदका लागि काठमाडौंमा आउनुपर्ने झन्झट कायम छ।

छलफलकाक्रममा व्यवसायीलाई सुन उपलब्ध गराउँदा बैंकहरुवाट हुने ढिलासुस्ती र अन्य प्राविधिक समस्यारुलाई सल्टाएर सहजरुपमा विधिसम्मत तरिकाले आ आफ्नो जिम्मेवारी पुरागर्न आफूहरु तयार रहेको संघका पदाधिकारीहरुले वताउनु भयो । राष्ट्र बैंकले तोकेको व्यवस्था अनुसार बैंकर्स संघको सिफारिसमा बैंकहरुले विदेशवाट कच्चा सुनको आयातगरी महासंघको सिफारिसमा व्यवसायीहरुलाई सुन उपलब्ध गराउँदै आएको छ। मोफसलका जिल्लाहरुवाट सुन वितरण गर्दा ढुवानी खर्च मात्रै काठमाडौंको भन्दा बढी लिने, मोफसलका जिल्लाहरुमा पनि सुनको स्टक राख्ने, बैंकहरु पिच्छे फरक फरक हुँदै आएको दरभाउमा एकरुपता ल्याउने, सुन खरिद गर्न बैंकहरुले सहज वातावरण बनाउने लगयतका बिषयमा छलफल भएको थियो।

# बजारको आवश्यकता अनुसार सुनको आपूर्ति सुनिश्चित गर्न राष्ट्र बैंक प्रतिवद्ध

फेनेगोसिडा/काठमाडौं।
बजारमा देखिएको सुनको अभाव हटाई आवश्यकता अनुसार आपूर्ति व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंक सकारात्मक वनेको छ। बजारमा सुनको चरम अभाव देखिन थालेपछि बजारको माग अनुसार कोटा वृद्धिगर्न राष्ट्र बैंक सकारात्मक भएको हो । यसका लागि नेपाल सनुचाँदी व्यवसायी महासंघले राष्ट्र बैंकका विभिन्न उच्च अधिकारीहरुसँग भेटघाट तथा छलफल गरेको थियो।



नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरुसँग भएको भेटका क्रममा राष्ट्र बैंकका वरिष्ट डेपुटी गभर्नर डा. नीलम ढुङगाना तिम्सिनाले सुनको आपूर्ति बढाउन राष्ट्र बैंक सकारात्मक रहेको बताउनु भयो। उहाँले बजारमा देखिएको अभाव हटाउन आवश्यक तयारी भैरहेको जनाउँदै केही दिन भित्रै यस बिषयमा निर्णय हुने बताउनु भयो।

माग र आपूर्तिवीच चरम सन्तुलन देखिएको स्वीकार गर्दै उहाँले अहिलेको बजारको वास्तविक मागका बिषयमा व्यवसायीहरुसँग चासो राख्नु भएको थियो।
सुनचाँदी व्यवसायी महासंघको प्रतिनिधमिण्डल सँगको भेटकाक्रममा अर्का डेपुटी गभर्नर बम बहादुर मिश्रले बजारमा सुनको अभाव देखिएको स्वीकार गर्दै माग र आपूर्तिको वीचमा सन्तुलन ल्याउनकालागि आपूर्ति बढाउन राष्ट्र बैंकले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो।
त्यसक्रममा विदेशी विनिमय विभागका कार्यकारी निर्देशक रामु पौडेलले कोटा वृद्धिकालागि आवश्यक प्रकृया अगाडि बढाउने प्रतिवद्धता जनाउनु भयो । सोही विभागका उपप्रमुख गुरु प्रसाद पौडेलले व्यवासायीको माग सिघ्र सम्वोधन हुने बताउनुभयो।





त्यस क्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले बजारमा कच्चा सुनको चरम अभाव भएको उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न राष्ट्र बैंकका पदाधिकारीहरु समक्ष आग्रह गर्नु भयो । उहाँले सरकारले कोभिडका कारण भएको लकडाउनका क्रममा घटाएको कोटा अझै वृद्धि नगरेकोले अहिलेको समस्या आएको उल्लेख गर्नु भयो।
अहिले बजारमा दैनिक ३० किलो सम्म सुनको माग रहेकोले तत्कालका लागि सोही परिमाणमा सुन उपलब्ध गराउनु पर्ने आवश्यकता उहाँले औंल्याउनु भयो ।

## सुनको आपूर्ति ब्यवस्था सहज वनाउन तयार छौं : मन्त्री भट्ट

फेनेगोसिडा/काठमाडौं।
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका तत्कालिन मन्त्री लेखराज भट्टले सुनको आपूर्ति बढाउन पहल गर्ने प्रतिवद्धता जनाउनुभयो । बजारमा कच्चा सुनको अभाव देखिएपछि तत्काल आपूर्ति वृद्धि गर्न सुनचाँदी व्यवसायीहरुले गरेको आग्रह पछि मन्त्री भट्टले समस्या समाधानका लागि पहल गर्ने प्रतिवद्धता जनाउनु भएको हो।
नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा गएको सुनचाँदी व्यवसायी महासंघको प्रतिनिधीमण्डल सँग मन्त्री भट्टले बजारमा देखिएको सुनको अभाव बारे आफू पनि जानकार रहेको बताउनुभयो। बजारको आवश्यकता अनुसार कच्चा सुन आपूर्ति नभए त्यसले कालोबजारीलाई समेत प्रोत्साहनगर्न सक्ने तर्फ सचेत रहनुपर्ने आवश्यकता उनले औंल्याउनुभयो ।
त्यस क्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले बजारमा कच्चा सुनको चरम अभाव भएको उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न मन्त्री भट्टसँग आग्रह गर्नुभयो । उहाँले सरकारले कोभिडका कारण भएको लकडाउनका क्रममा घटाएको कोटा अझै वृद्धि नगरेकोले अहिलेको समस्या आएको उल्लेख गर्नुभयो । अहिले बजारमा दैनिक ३० देखि ४० किलो सम्म सुनको माग रहेकोले तत्कालका लागि सोही परिमाणमा सुन उपलब्ध गराउनु पर्ने आवश्यकता उहाँले औंल्याउनुभयो। आवश्यकता अनुसार कच्चा सुन सहज रुपमा उपलब्ध नहुँदा बजारमा अवैध रुपमा सुन भित्रिन सक्ने र त्यसवाट सरकारी राजस्व समेत गुम्ने खतरा रहेको उहाँले स्मरण गराउनुभयो।
पहिलो चरणको लकडाउन अघि सामान्य समयमा दैनिक २० किलो र लगनको समयमा दैनिक २५ किलो सुन आउने गरेको थियो । त्यसयता आपूर्तिमा थप कडाई गरिएको छ।

## महासंघको पहलपछि सुनको कोटा दोब्बर

फेनेगोसिडा/काठमाडौं। नेपाल सुनचाँदी व्यवसायी महासंघको निरन्तरको पहल कदमि र छलफल पछि सुनको आपूर्तीमा बृद्धि भएको छ। महासंघको आग्रहलाई स्वीकार गर्दै नेपाल राष्ट्रबैंकले दैनिक १० किलोका दरले हुँदै आएको सुनको आपूर्तीलाई दोब्बर गरी दैनिक २० किलोका दरले आपूर्ती हुने ब्यवस्था मिलाएको हो।

कोटा वृद्धि हुनु अगाडि बजारमा सुनको चरम अभाव थियो। कच्चा पदार्थको अभावमा आम ब्यवसायी ब्यवसाय सञ्चालन गर्न नै नसक्ने अवस्थामा पुगेपछि महासंघले विभिन्न उच्च पदस्थ सरकारी अधिकारीहरुसँग छलफल गर्नुका साथै कोटा वृद्धिगर्न आवश्यक पहल कदमी शुरु गरेको थियो।

त्यस क्रममा महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधि मण्डलले अर्थमन्त्री विष्णु प्रसाद पौडेल, तत्कालिन बाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट, तत्कालिन बाणिज्य तथा आपूर्ति सचिव बैकुण्ठ अर्याल, अर्का सचिव दिनेश भट्टराई, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. पुष्प राज कँडेल, नेपाल राष्ट्र बैंकका गभर्नर महा प्रसाद अधिकारी, डेपुटी गभर्नरहरु डा. निलम ढुङगाना तिम्सिना र वम बहादुर मिश्र, विदेशी विनिमय विभागका कार्यकारी निर्देशक रामु पौडेल लगायतसँग भेटगरी बजारको अभाव हटाउन आग्रह गरेको थियो।

महासंघको यो आग्रह पछि नेपाल राष्ट्र बैंकले तत्कालका लागि प्रतिदिन १० केजी कायम रहेको कोटालाई दोब्बर गरी २० केजी वनाएको हो । प्रतिदिन २० केजी सुन आपूर्ति हुँदा पनि बजारको समस्या समाधान नहुने ब्यवसायीको गुनासो पछि राष्ट्र बैंकले थप अध्ययनगरी कोटा वृद्धिगर्न पहल गर्ने प्रतिवद्धता समेत जनाएको छ।

## "गरगहनाको निर्यात प्रवर्द्धनका लागि शिप मूलक तालिम"

फेनेगोसिडा/काठमाडौं।

नेपाली गरगहनाको निर्यात प्रवर्द्धनकालागि शिप मूलक तालिम दिलाउनुपर्नेमा विज्ञहरुले जोड दिएका छन्। व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरद विक्रम राणा र सुनचाँदी व्यवसायी महासंघका प्रतिनिधीमण्डलको वीच



भएको छलफलमा यस्तो आवश्यकता औंल्याइएको हो।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक राणाले सुनचाँदी व्यवसायीले नेपाली मौलिक गरगहना निर्यातमा जोड दिनुपर्ने आवश्यकता औंल्याउँदै त्यसकालागि आवश्यकपर्ने शीपमूलक तालिमकालागि केन्द्रले सहयोग गर्ने वताउनुभयो। उहाँले नेपाली परम्परागत कला कौशल युक्त गरगहनाको निर्यातवाट रोजगारी प्रवर्द्धन गर्दै मुलुकमा विदेशी मुद्रा आर्जनको समेत प्रशस्त संभावना रहेको विचार व्यक्त गर्दै यस्ता कार्यमा केन्द्रको सहयोग सदैव हुने विश्वास दिलाउनुभयो।

नेपाली गरगहनाको निकासीमा कुनै समस्या भए त्यसको समाधानकालागि आवश्यक सहजीकरण गर्न केन्द्र तयार रहेको उल्लेख गर्दै उहाँले केन्द्रले व्यवसायीक हितकालागि संभव भएसम्मका सवै क्षेत्रमा सहयोग गर्ने बताउनुभयो। नेपाली गरगहना निर्यातकाक्रममा भन्सार नाकामा उत्पन्न हुने प्राविधिक कठीनाइलाई सरलीकरणगर्न केन्द्रले आवश्यक पहल गर्ने आश्वासन समेत उहाँले दिनुभयो ।

त्यसक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले नेपाली मैलिक गरगहनाको निर्यातवाट व्यवसाय वृद्धि मात्र नभई मुलुक भित्रै प्रशस्त रोजगारीको अवसर समेत सृजना हुने तथा मुलुकमा विदेशी मुद्रा भित्रने संभावना पनि बढ्ने भएकोले यसतर्फ सरकार र व्यवसायी सवैको ध्यान जान आवश्यक भएको बताउनुभयो।

केन्द्रसँग निर्यात प्रवर्द्धन, गरगहना निर्माणका लागि आवश्यक पर्ने तालिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठि तथा मेला लागायतका क्षेत्रमा सहयोगको अपेक्षा गरिएको उहाँले बताउनुभयो। छलफलमा महासंघका तर्फवाट उपाध्यक्ष पवन कुमार सोमानी, महेन्द्ररत्न शाक्य, महासचिव धर्मशुन्दर बज्राचार्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ, सचिव किरणभाई बज्राचार्य, सहकोषाध्यक्ष पद्मशुन्दर शाक्य, लगायतको सहभागिता थियो।

## सुनचाँदी व्यवसायलाई व्यवस्थित गर्न सरकारले सहयोग गर्ने

फेनेगोसिडा/काठमाडौं।

सुनचाँदी व्यवसायलाई थप व्यवस्थित र प्रभावकारी वनाउन सरकारले सहयोग गर्ने भएको छ। सुनचाँदी व्यवसाय सञ्चालनकाक्रममा आवश्यक पर्ने नीतिगत व्यवस्था, पर्याप्त कच्चा पदार्थ आपूर्तिको सुनिश्चितता तथा तालिम एवं अन्तर्राष्ट्रिय गरगहना सम्मेलन लगायतका क्षेत्रमा आवश्यक सहयोग गर्ने प्रतिवद्धता सरकारले जनाएको हो।



नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधीमण्डलसँगको भेटकाक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयका तत्कालिन सचिव वैकुण्ठ अर्यालले व्यवसायीले उठाएका नीति निर्माण, कच्चा पदार्थको पर्याप्त आपूर्ति व्यवस्था, तालिम एवं अन्तर्राष्ट्रिय गरगहना सम्मेलन लगायतका बिषयलाई आवश्यक सम्बोधन गर्न मन्त्रालय तयार रहेको बताउनुभयो। उहाँले व्यवसायीको माग अनुरुप सुनको आपूर्तिमा लागु हुँदै आएको कोटा सिघ्र वृद्धिगर्ने र व्यवसायीको माग अनुसार मोफसलका जिल्लाहरुवाट हुने सुनको वितरणलाई नेपाल राष्ट्र बैंकसँगको समेत सहकार्यमा थप व्यवस्थित र प्रभावकारी वनाउने प्रतिवद्धता जनाउनु भयो । भेटका क्रममा सचिव अर्यालले सुनचाँदी व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने नीतिगत व्यवस्थाकालागि यसअघि नै मस्यौदा तयार भैसकेको उल्लेख गर्दै त्यसलाई सिघ्र कार्यान्वयनमा ल्याउन आफूप्रतिवद्ध रहेको बताउनुभयो। सुनचाँदी व्यवसाय प्रवर्द्धनकालागि आवश्यकता अनुसार तालिमको व्यवस्था गर्न, रोजगारिका अवसर बढाउन, सुनको गरगहना निर्यातका लागि आवश्यक सहज वातवारण निर्माण गर्न तथा व्यवसायीहरुका तर्फवाट अगाडि सारिएका अन्य मागहरुलाई सम्वोधनगर्न आफूले सम्वन्धित निकायसँग छलफल र सहकार्य गर्ने प्रतिवद्धता जनाउनुभयो।

त्यसक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका नवनिर्वाचित अध्यक्ष माणिकरत्न शाक्यले उपभोक्ताको लगानीको सुरक्षा, Assets Apreciation, पारदर्शी मूल्य र तौल एवं शुद्ध र गुणस्तरीय सुनचाँदीका गरगहनाको उपलब्धता आफूहरुको पहिलो प्राथमिकतामा रहेको बताउनुभयो।

उहाँले सुनचाँदी व्यवसायमा देखिएका समस्याको निराकरण गर्दै व्यवसायलाई थप व्यवस्थित र प्रभावकारी वनाउन आवश्यक पर्ने बिषयहरुलाई समेटेर तत्कालिन, मध्यकालिन र दीर्घकालिन योजना सहितका सुझाव समेत सरकारलाई उपलब्ध गराउनुभयो । त्यसक्रममा महासंघका विभिन्न पदाधिकारीहरुको सहभागिता रहेको थियो।

## जेम्स एण्ड ज्वेलरी काउन्सिलको पुनर्गठन

फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघको पहलमा सुनचाँदी व्यवसायको प्रवर्द्धन गर्ने प्रमूख उद्धेश्य लिएर स्थापना भएको जेम्स एण्ड ज्वेलरी काउन्सिलको पुनर्गठन भएको छ। झण्डै चार बर्ष निश्कृय रहेको काउन्सिललाई हाले सक्रिय गराइएको हो।

नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ र नेपाल हस्तकला महासंघद्वारा संयुक्तरुपमा काउन्सिलको गठन गरिएको हो । काउन्सिलमा यी तीनैवटा संस्था सदस्य छन्।

काउन्सिलले यी तीनैवटा संस्थाको छाता संस्थाकारुपमा कार्य गर्ने नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको भनाई छ। काउन्सिलको नेतृत्व चक्रिय प्रणाली अनुरुप हुने सहमति तीन महासंघवीच भएको छ । तत्कालकालागि रत्न तथा आभुषण



महासंघका अध्यक्ष रमेश महर्जन यसको संयोजक तोकिनु भएको छ। एक बर्ष पश्चात नेतृत्व नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले सम्हाल्नु हुनेछ । त्यस पश्चात हस्तकला महासंघका अध्यक्ष सुरेन्द्र भाई शाक्यले सम्हाल्ने सहमति भएको छ।

यो संस्थाको सक्रियता सँगै सुन तथा चाँदीको गरगहना र तीनको कारोबार, आपूर्ति एवं निर्यात प्रवर्द्धनका क्षेत्रमा कार्य हुनेछ।

# सुनको आपूर्ति बढाउन सरकार सकारात्मक: अर्थमन्त्री पौडेल

फेनेगोसिडा/काठमाडौं।

अर्थमन्त्री विष्णु प्रसाद पौडेलले सुनको आपूर्ति बढाउन सरकार सकारात्मक रहेको वताउनुभएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरुसँग सिंहदरबार स्थित उहाँकै कार्यकक्षमा भएको भेटकाक्रममा अर्थमन्त्री पौडेलले सुनको आपूर्ति बढाउन सरकार सकारात्मक रहेको बताउनु भयो । उहाँले बजारमा देखिएको अभाव हटाउन आवश्यक तयारी भैरहेको जनाउँदै केही दिन भित्रै यस बिषयमा निर्णय हुने बताउनुभयो।

माग र आपूर्ति वीच चरम असन्तुलन देखिएको स्वीकार गर्दै मन्त्री पौडेलले बजारको अहिलेको वास्तविक मागका बिषयमा व्यवसायीहरुसँग चासो राख्नु भएको थियो । त्यस क्रममा सभाषद् एवं महासंघका सल्लाहकार छविलाल बिश्वकर्माले व्यवसायीलाई परेको अप्ठ्याराका बिषयमा अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराउनु भएको थियो । नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले त्यसक्रममा बजारमा कच्चा सुनको चरम अभाव भएको उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न मन्त्री पौडेलसँग आग्रह गर्नुभयो । उहाँले सरकारले कोभिडका कारण भएको लकडाउनका क्रममा घटाएको कोटा अझै वृद्धि नगरेकोले अहिलेको समस्या आएको उल्लेख गर्नुभयो। अहिले बजारमा दैनिक ३० किलो सम्म सुनको माग रहेकोले तत्कालका लागि सोही परिमाणमा सुन उपलब्ध गराउनु पर्ने आवश्यकता उहाँले औंल्याउनु भयो । आवश्यकता अनुसार कच्चा सुन सहज रुपमा उपलब्ध नहुँदा बजारमा



अवैध रुपमा सुन भित्रिन सक्ने र त्यसवाट सरकारी राजस्व समेत गुम्ने खतरा रहेको उहाँले स्मरण गराउनु भयो।

पछिल्लो समय दैनिक १० किलो सुन आयात हुँदै आएको छ। लकडाउन अघि सामान्य समयमा दैनिक २० किलो र लगनको समयमा दैनिक २५ किलो सुन आउने गरेको थियो । भेटकाक्रममा बजेटमा सुनचाँदीको क्षेत्रवाट समेट्नुपर्ने बिषयहरुलाई समेटिएको सुझाव समेत अर्थ मन्त्री पौडेललाई बुझाइएको थियो।

## बजेटको स्वागत

फेनेगोसिडा/काठमाडौं ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले आर्थिक बर्ष २०७८/७९ को बजेटको स्वागत गरेको छ। अर्थमन्त्री विष्णु प्रसाद पौडेलले प्रस्तुत गर्नु भएको नेपाल सरकारको आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेटले कोभिड-१९को मारबाट शिथिल बनेको मुलुकको अर्थतन्त्र र सामाजिक जन-जीवनका हरेक क्षेत्रमा सहुलियत एवं राहतको व्यवस्थाको साथै अर्थतन्त्रको पुनरोत्थानका लागि गरिएको प्रक्षेपण सहितको पहल अत्यन्त व्यावहारिक र सकारात्मक भएको महासंघको ठहर छ।

यसैगरी स्वदेशी उद्योगका लागि शीपयुक्त जनशक्तिको आपूर्ति र परंपरागत पेशा एवं शीप विकासको लागि विभिन्न किसिमका तालिमको व्यवस्था गरिने बिषय बजेट वक्तव्यमा उल्लेख हुनु उत्साहजनक रहेको महासंघले ठहर गरेको छ । वहुमूल्य गहना निर्माणको लागि कालिगढ तालिम दिईएमा युवा पुस्ताले उच्च पारिश्रमिक पाउने रोजगारी स्वदेशमा नै प्राप्त गर्न सक्ने महासंघको बिश्वास छ । महामारीका कारण अर्थतन्त्रका विविध क्षेत्रले काम नै गर्न नसकेकोले आर्थिक वृद्धिदर ऋणात्मक हुन पुगेको अवस्थामा महामारी माथि नियन्त्रण गरी अर्थतन्त्रलाई सुचारु तुल्याई वार्षिक ६ प्रतिशतको वृद्धिदर हाँसिल गर्ने अठोट र प्रतिवद्धता सहितको प्रक्षेपणले निजी क्षेत्रको मनोबल बढाएको छ।

यसैगरी सुर्खेतमा स्वदेशी रत्न, पत्थरको प्रशोधन तथा प्रवर्द्धनका लागि निजी क्षेत्रसंगको सह-कार्यमा परियोजना संचालन गर्ने कार्यक्रम बजेटमा समावेश हुनुले आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, रोजगारी विस्तार, राजश्व अभिवृद्धि आदि क्षेत्रमा ठोस योगदान पुग्ने विश्वास गर्न सकिन्छ।

# सुनको आपूर्ति बढाउन आग्रह

फेनेगोसिडा/काठमाडौं।

बजारमा कच्चा सुनको अभाव देखिएपछि तत्काल आपूर्ति वृद्धि गर्न सुनचाँदी व्यवसायीहरुले सरकारसँग आग्रह गरेका छन् । नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा गएको सुनचाँदी व्यवसायी महासंघको प्रतिनिधीमण्डलले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका वाणिज्य तथा आपूर्ति सचिव दिनेश भट्टराइसँग भेटगरी कच्चा पदार्थको अभावका कारण बजारमा विकराल समस्या सृजना भैसकेको भन्दै तत्काल कोटा वृद्धिगर्न माग गेको हो ।

व्यवसायीसँगको भेटपछि सचिव भट्टराइले कोटा वृद्धिगरी बजारमा देखिएको अभाव हटाउन पहल गर्ने प्रतिवद्धता जनाउनुभयो। उहाँले आपूर्ति कम भएका कारण बजारमा सुनको अभाव देखिएको स्वीकार गर्दै सम्वन्धित निकायहरुसँग आवयक परामर्शगरी सिघ्र समस्याको समाधान गरिने बताउनुभयो । सचिव भट्टराइले आपूर्ति व्यवस्था प्रभावकारी नहुँदा अवैध कारोबार फस्टाउन सक्ने तर्फ पनि सरकार सचेत रहेको उल्लेख गर्दै व्यवसायीका माग सिघ्र सम्वोधन गर्ने प्रतिवद्धता जनाउनुभयो।



सचिव भट्टराइले सुनचाँदी व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने नीतिगत व्यवस्थाका लागि यसअघि नै मस्यौदा तयार भैसकेको उल्लेख गर्दै त्यसलाई सिघ्र कार्यान्वयनमा ल्याउन आफू प्रतिवद्ध रहेको बताउनुभयो । सुनचाँदी व्यवसाय प्रवर्द्धनका लागि आवश्यकता अनुसार तालिमको व्यवस्था गर्न, रोजगारिका अवसर बढाउन, सुनका गरगहना निर्यातकालागि आवश्यक सहज वातवारण निर्माण गर्न तथा व्यवसायीहरुका तर्फवाट अगाडि सारिएका अन्य मागहरुलाई सम्वोधनगर्न आफूले सम्वन्धित निकायसँग छलफल र सहकार्य गर्ने प्रतिवद्धता जनाउनुभयो। त्यसक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले बजारमा कच्चा सुनको चरम अभाव भएको उल्लेख गर्दै तत्काल समस्या समासधानगर्न सचिव भट्टराईसुँग आग्रह गर्नुभयो । उहाँले सरकारले कोभिडका कारण भएको लकडाउनका क्रममा घटाएको कोटा अझै वृद्धि नगरेकोले अहिलेको समस्या आएको उल्लेख गर्नुभयो । अहिले बजारमा दैनिक २५ देखि ३० किलो सम्म सुनको माग रहेकोले तत्कालका लागि सोही परिमाणमा सुन उपलब्ध गराउनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो।

# महासंघका विविध क्रियाकलापका झलकहरू



नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्षलाई कदर पत्र प्रदान गर्दै महासंघका निबर्तमान अध्यक्ष ।



सुनचाँदी व्यवसायी महासंघको प्रतिनिधी मण्डलसँगको भेटका क्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बम बहादुर मिश्र ।



नेपाल सुनचाँदी व्यवसायी महासंघको सातौं तथा आठौ बार्षिक साधारणसभा एवं तेस्रो महाधिवेशनको उद्घाटनको अवसरमा सम्बोधन गर्दै मन्त्री कृष्णगोपाल श्रेष्ठ ।



नेपाल हस्तकला महासंघले आयोजना गरेको सम्मान कार्यक्रममा सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरु ।



नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरु सँग भएको भेटकाक्रममा राष्ट्र बैंककी बरिष्ट डेपुटी गभर्नर डा. नीलम ढुङगाना तिम्सिना ।



नेपाल सुनचाँदी व्यवसायी महासंघको स्थापना दिवस मनाउदै महासंघका पदाधिकारीहरु ।



नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरुसँग व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरद विक्रम राणा ।



राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. पुष्पराज कँडेल सँग सुनचाँदी क्षेत्रको विकास र विस्तारका एजेण्डाहरुलाई राष्ट्रिय नीतिमा समावेस गर्न आग्रहं गर्दै महासंघका अध्यक्ष माणिक रत्न शाक्य ।

# महासंघका विविध क्रियाकलापका झलकहरू


सुनचाँदी व्यवसायी महासंघका पदाधिकारी र राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीवीच भएको भेटकाक्रममा सहभागीहरु ।


नेपाल सुनचाँदी व्यवसायी महासंघ र चेम्वर अफ कमर्शका प्रतिनिधि मण्डलबीच समसामयिक विषय वस्तुका बारेमा भएको छलफलमा सहभागी ।


उद्योग वाणिज्य महासंघको प्रतिनिधीमण्डलसँग व्यवसायिक हितका बिषयमा महासंघको छलफलमा सहभागी ।


नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरुसँग सिंहदरबार स्थित उहाँकै कार्यकक्षमा भएको भेटकाक्रममा अर्थमन्त्री पौडेल ।


नेपाल सुनचाँदी व्यवसायी महासंघको पहिलो कार्य समिति बैठकमा सहभागीलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष ।


नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरुसँग उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका तत्कालिन मन्त्री लेखराज भट्ट ।



नेपाल सुनचाँदी व्यबसायी महासंघको प्रतिनिधीमण्डल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं महासंघका सल्लाहकार कृष्ण गोपाल श्रेष्ठसगं भेटवार्ताका क्रममा ।



नेपाल सुनचाँदी व्यवसायी महासंघको महाअधिवेशन पछि बधाई ग्रहण गर्दै महासंघका पदाधिकारीहरु ।

# शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन आग्रह

फेनेगोसिडा/काठमाडौं।
नेपाल सुनचाँदी व्यवसायी महासंघले पछिल्ला दिनमा व्यवसायी माथि आक्रमण तथा लुटपाटका घटना बढ्दै गएकोमा गंभिर ध्यानाकर्षण भएको जनाएको छ। यस किसिमका घटना एक पछि अर्को दोहोरिँदै जानुले मुलुकको शान्ति सुरक्षाको अवस्थाप्रति नै गंभिर चुनौति खडा गरेको महासंघको ठहर छ।
करिव एक महिना अगाडि व्यवसायीको ज्यानै जानेगरी सिराहामा भएको सुनचाँदी व्यवासयीको हत्या र लुटपाटको घटना सेलाउन नपाउँदै पुनः महोत्तरी जिल्लाको सम्सी गाउँपालिका वडा नं १ मा त्यस्तै प्रकृतिको अर्को घटना दोहोरिएको छ। लुटेरा समूहले राजिप ज्वेलर्सका सञ्चालक विरेन्द्र साहलाई बुधबार राति करिव १२ गजेको समयमा गोली हानी गंभिर घाइते वनाउनुका साथै परिवारका अन्य सदस्यलाई समेत रड तथा खुकुरी प्रहारगरी खस्त घाइते वनाएका छन्। सञ्चालक साह तथा परिवारका अन्य सदस्यहरुलाई घाइते वनाएपछि उनीहरुले पसल तथा घरमा रहेका सुन तथा चाँदी र गरगहना


नेपाल सुनचाँदी व्यवसायी महासंघ
प्रेस विज्ञप्ति

समेत लुटेर लगेका छन्।

व्यवसायी माथि यसरी एकपछि अर्को गरी हमला तथा लुटपाट गरिन थालेको घटनाले समग्र सुनचाँदी व्यवसायीलाई हतोत्साही र चिन्तित वनाएको मात्र नभई व्यवसाय सञ्चालनगर्ने मनोवल नै खस्किएको छ। यस्ता घटनाले आम सुनचाँदी व्यवसायीमात्र नभई समग्र उद्यमी व्यवसायी र पेशाकर्मीलाई नै चिन्तित तुल्याएको महासंघका प्रवक्ता मनोज कुमार शाहद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।
विज्ञप्तिमा यस्तो घटनाको बिषयमा सरकार एवं सुरक्षा निकायको गंभिररुपमा ध्यानाकर्षण गराउँदै दोषीको अविलम्व पत्ता लगाई कडा भन्दा कडा कारवाही गनुकासाथै आगामी दिनमा यस्ता घटना हुन नदिन जोडदार माग गरिएको छ। साथै आक्रमणवाट गंभिर घाइते हनुभएका सुनचाँदी व्यवसायी साह र उहाँको परिवारका सदस्यहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै आगामी दिनमा निर्वाधरुपमा पेशा व्यवसाय गर्न पाउने वातवारण सिर्जनागर्न सरकार र सुरक्षा निकायसँग महासंघले आग्रह गरेको छ।

# नुवाकोट सुनचाँदी व्यवसायी संघको सातौ र आठौ साधारणसभा सम्पन्न

फेनेगोसिडा/नुवाकोट।

नुवाकोट सुनचाँदी व्यवसायी संघको सातौ र आठौ वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभामा बोल्दै नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकत्न शाक्यले कोरोना भाइरसको महामारी तथा सरकारले गरेको लकडाउनको कारण साना तथा मझौला व्यवसायीहरु पलायन भएको बताउनु भएको छ। शाक्यले कोरोना भाइरसको कारण व्यवसायीका साथसाथै दक्ष कालीगढ समेत पलायन भएकोले त्यसलाई रोक्न सबै सरोकारवालाहरु लाग्नुपर्ने बताउनु भयो।

उहाँले बजारमा सुन अभाव देखिएकोले त्यसले कालो बजारीलाई समेत प्रोत्साहन गर्न सक्नेतर्फ सचेत गराउँदै सुनको आयात वृद्धिगर्नु पर्ने खाँचो औंल्याउनु भयो। यस्तै कार्यक्रममा बाग्मति प्रदेश सुनचाँदी व्यवसायी संघका संयोजक ज्योति रत्न बज्राचार्यले बजारमा उपलब्ध गराइँदै आएको सुन अपुग भएकोले व्यवसायीलाई राज्यले चाहिए जति सुन उपलब्ध गराउनुपर्ने बताउनुभयो। उहाँले व्यवसायीले सुन किन्नको लागि



विभिन्न झन्झट व्यहोर्‍ेपनि चाहेजति सुन नपाएर दुख पाएको बताउनुभयो।

कार्यक्रममा नुवाकोट सुनचाँदी व्यवसायी संघका अध्यक्ष भिम बज्राचार्य कोरोना महामारीको समयमा सरकारले गरेको लकडाउनका कारण मर्कामा परेका व्यवसायी तथा कामदारहरुलाई आवश्यकताका आधारमा राहत वितरण गरेको धारणा राख्नु भयो। कार्यक्रममा सुनचाँदी व्यवसायीहरुले कोरोना भाइरसको महामारीका कारण दक्ष कामदारहरु पलायन भएको तथा स्वदेशीभन्दा विदेशी कालीगढले काम पाइरहेको भन्दै चिन्ता व्यक्त गरेका थिए।

# व्यवसायीक हक अधिकारको सुनिश्चितताका लागि दत्तचित्त भएर लाग्न आग्रह

फेनेगोसिडा/पर्सा।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले व्यवसायीक हक अधिकारको सुनिश्चितताका लागि दत्तचित्त भएर लाग्न सम्पूर्ण सुनचाँदी व्यवसायी हरुलाई आग्रह गर्नुभएको छ। पर्सा उल्लेख गर्दै अध्यक्ष शाक्यले सुनचाँदी व्यवसायीले झेल्दै आएको नीतिगत समस्याको सिमाधानका लागि पनि महासंघले आवश्यक पहल गरिरहेको बताउनु भयो। राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष एवं कार्यक्रमका बिशिष्ट अतिथि प्रेमलाल महर्जनले



सुनचाँदी व्यवसायी संघको माघ २३ गते शुक्रबार वीरगंजमा शुरु भएको छैठौं र सातौं साधारण सभा तथा तेस्रो महाधिवेशनको उद्घाटनका अवसरमा प्रमूख अतिथिको आशनवाट वोल्दै महासंघका अध्यक्ष शाक्यले कोभिड १९ को संक्रमणले व्यवसायमा उत्पन्न समस्याहरुको निकारकरणका लागि महासंघले पहल शुरु गरिसकेको बताउनु भयो। व्यवसायीहरुको आवश्यकता अनुसार कच्चा पदार्थको पर्याप्त आपूर्ति व्यवस्थाकालागि पहल भैसकेको व्यवसायीक हक अधिकारको उपभोग गर्दा उपभोक्ता अधिकारलाई पनि उत्तिकै महत्वका साथ हेरिनुपर्ने धारणा राख्नुभयो।

त्यसक्रममा महासंघका उपाध्यक्ष दियेस रत्न शाक्य, प्रदेश नं २ का संयोजक रामजी शाह, शिव सर्राफ, सुविन बज्राचार्य, प्रकाश शाक्य लगायतले व्यवसायका विविध पक्षबारे प्रकाश पार्नुभएको थियो। कार्यक्रम संघका अध्यक्ष निरज कुमार सर्राफको अध्यक्षतामा भएको थियो।

## दुई महिने गहना बनाउने तालिम शुरू

फेनेगोसिडा/कास्की।
नेपाल सुनचाँदी व्यवसायी महासँघ गण्डकी प्रदेशको आयोजना दुई महिने गहना बनाउने तालिम शुरु आयोजना भयो । तालिमको उद्घाटनमा प्रदेशको तत्कालिन सामाजिक विकास मन्त्री नरदेवी पुनले गर्नुभयो। त्यसक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्य, निवर्तमान अध्यक्ष मोहन कुमार सुनार, उपाध्यक्ष विपिन रामदामु लगायतको उपस्थितति रहेको थियो । महासंघको गण्डकी प्रदेशका संयोजक चन्द्र किशोर गौतम लगायतका व्यवसायीको संयोजनमा तालिम सञ्चालन भएको हो।

## महासंघका अध्यक्ष शाक्य दौड प्रतियोगितामा बिजयी

फेनेगोसिडा/काठमाडौं।
नेपाल चेम्वस अफ कमर्शले काठमाडौंमा आयोजना गरेको दौड प्रतियोगितामा नेपाल सुनचाँदी व्यवासयी महासंघका अध्यक्ष माणिक



रत्न शाक्य बिजयी हनु भएको छ । चेम्वरको ७० औं बार्षिक उत्सव समारोहका अवसरमा आयोजित 'व्यवसायी दौड' प्रतियोगितामा अध्यक्ष शाक्यले तृतीय स्थानमा जित हासिल पार्न सफल हुनु भएको हो । प्रतियोगितामा सहभागी सयौं व्यवसायीलाई पछि पार्न उहाँ सफल हुनु भएको थियो । प्रतियोगिताका बिजयीलाई दोसल्ला तथा कदरपत्रले सम्मन गरिएको थियो।

## रुपन्देहीको पाचौं साधारणसभा तथा दोस्रो अधिवेशन सम्पन्न



फेनेगोसिडा/काठमाडौं।
रूपन्देही सुन चाँदी व्यावसायि सघंको पाँचौं साधारणसभा तथा दोस्रो अधिवेशन सम्पन्न भएको छ। अधिवेशन नेपाल सनुचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको प्रमूख आतिथ्यतामा भएको हो । सघंको पाचौं साधारणसभा तथा दोस्रो अधिवेशन बाट रामकृष्ण सेन्चुरीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको छ।

## राज्यले लगानीको सुरक्षा गर्नुपर्छः अध्यक्ष शाक्य

फेनेगोसिडा/तुलसीपुर।
नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रिय अध्यक्ष माणिक रत्न शाक्यले राज्यले व्यवसायीको लगानीको सुरक्षा गर्नु पर्ने बताउनु भएको छ । व्यवसायीले अरबौं लगानीको सुरक्षाको अनुभुति गर्न नसकेको बताउदै उहाँले



राज्यले उचित निति निर्देशिका निर्माण गरी सुरक्षाको बाताबरण तयार गर्नुपर्ने बताउनु भएको हो।

अध्यक्ष शाक्यले गुणस्तरिय , मुल्य निर्धारण र उपभोक्ताहरुको आबश्यकलाई परिपुर्ति गर्न आफुहरु तयार भएको बताउदै व्यवसायीमा ढुक्कले लगानी गर्ने बातावरण नभएको बताउनु भएको हो । तुलसीपुर दाङ सुनचाँदी व्यवसायी संघको १३ औं साधारण सभा तथा पदभार ग्रहण कार्यक्रमलाई तुलसीपुरमा सम्वोधन गर्दै उहाले यस्तो बताउनु भएको हो।

संघका अध्यक्ष मदन कुमार केसीको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि समेत रहनु भएका अध्यक्ष शाक्यले कोरोना माहामारीले लामो समय सुनचाँदी पसल बन्द भएको र स्थिति सामान्य बन्दै गए पनि अहिले कच्चा पदार्थको अभाव हुने गरेको बताउनु भएको छ । उपभोक्ताको आबश्यकता पहिलो प्राथमिकता सुनचाँदी भएको र पछिल्लो समय यसको अभाव हुने गरेको उहाको भनाई थियो। साथै उहाले सुनचाँदीमा काम गर्ने कालीगढहरुको सिप र क्षमता विकास गर्नका लागी तालिम केन्द्र स्थापना गर्न सातै प्रदेशमा प्रस्तावना पेश गरेको बताउनु भएको छ । दक्षजनशक्ति उत्पादन भएमा उपभोक्ताहरुको चाहाना अनुसार आफुहरुले गुणस्तरिय सेवा दिन सकिनेमा जोड दिनु भएको हो।

सोहि अवसरमा बोल्दै महासंघका केन्द्रिय कोषाध्यक्ष सुदिप श्रेष्ठले सुनचाँदीको खरिद विक्रिका लागी राज्यले सहज बातावरण तयार गर्नुपर्ने माग गर्नु भयो । कार्यक्रममा केन्द्रिय सदस्यहरु लोक बहादुर स्वर्णकार, बालकृष्ण विक, ईलाका प्रहरी कार्यालय तुलसपिुरका प्रमुख डिएसपी सिंव बहादुर सिंह, लुम्बिनी प्रदेश सुनचाँदी व्यवसायी संघका अध्यक्ष बुद्धि बहादुर विक, सचिव डिलव खाती, सुनचाँदी व्यवसायी संघका संस्थापक घनश्याम सेपाईली, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका केन्द्रिय उपाध्यक्ष जोगेन्द्र विश्वकर्मा लगायतले बोल्नु भएको थियो। संघका महासचिव हरिकृष्ण विकको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सहजीकरण रिपोर्टर्स क्लव दाङका अध्यक्ष शरद रेग्मीले गर्नु भएको थियो।

## महासंघद्वारा समवेदना व्यक्त

फेनेगोसिडा/काठमाडौं।

नेपालको सुनचाँदी व्यवसायी महासंघले महासंघमा आवद्ध विभिन्न व्यक्तिको असामयिक निधन भएकोमा गहिरो दुःख व्यक्त गरेको छ । सुनचाँदी व्यवसायकै धरोहरकारुपमा रहेका



व्यवसायी ज्ञानुराज शाक्यको निधनले महासंघ स्तब्ध भएको जनाएको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका निवर्तमान उपाध्यक्ष एवं ललितपुर सुनचाँदी व्यवसायी संघका संस्थापक अध्यक्ष शाक्यको ललितपुरको धापाखेल स्थित सुमेरु अस्पतालमा उपचारका क्रममा निधन भएको हो। विगत केही महिनायता मृगौला लगायतका विभिन्न रोगहरुवाट पिडित शाक्यको उपचारकै क्रममा निधन भएको थियो। शाक्यको निधनले नेपालको सुनचाँदी व्यवसायको क्षेत्रमा अपुरणिय क्षति पुगेको छ।



यस्तै नेपाल सुनचाँदी व्यवसायी महासंघका उपाध्यक्ष दुर्गा बहादुर सुनारका बुवा रुद्र बहादुर सुनारको पनि असामयिक निधन भएकोमा महासंघले हार्दिक श्रद्धाञ्जली अपर्ण गरेको छ।



यस्तै नेपाल सुनचाँदी व्यवसायी महासंघका कोषाध्यक्ष सुदिप श्रेष्ठको आमा मनमायाँ श्रेष्ठको पनि असामयिक निधन भएकोमा महासंघले हार्दिक श्रद्धाञ्जली अपर्ण गरेको छ।



यस्तै नेपाल सुनचाँदी व्यवसायी संघ कास्कीका सल्लाहकार एवं सुनचाँदी व्यवसायी कृष्ण मान गुभाजुको पनि असामयिक निधन भएकोमा महासंघले हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ।



यसैवीच नेपाल सुनचाँदी व्यवसायी महासंघका कर्मचारी सुनिल श्रेष्ठको पनि असामयिक निधन भएको छ । विगत केही समययता स्वास्थ्य लाभ गरिरहनु भएका श्रेष्ठको अल्पायुमा नै निधन भएको थियो । शोकको यस घडिमा शोक सन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति मिलोस भनी भगवानसँग प्रार्थना गरेको छ। । महासंघले कोभिड १९ को महामारी एवं अन्य विविध कारणले ज्यान गुमाउनुहुने सवैप्रति श्रद्धाञ्जली ब्यक्त गर्दै गहिरो दुःख प्रकट गरेको छ।

## अत्यन्त जरूरी सुचना

**नेपाल सुनचाँदी व्यवसायी महासंघको फोन नम्बरहरू परिवतन भई देहाय अनुसार नयाँ नम्बर कायम भएको जानकारी गराउद छौ । नयाँ नम्बरहरू:**

**०१-४५३२२७०**
**०१-४५३२२७१**
**०१-४५३२८५२**

## आठौं स्थापना दिवस सम्पन्न

फेनेगोसिडा/काठमाडौं ।

नेपाल सुनचाँदी व्यवसायी महासंघको आठौं स्थापना दिवस भव्यरुपमा सम्पन्न भएको छ । स्थापना दिवसका अवसरमा महासंघले केन्द्रिय कार्यालयमा एक बिशेष समारोहको आयोजना गरेको थियो । त्यस अवसरमा महासंघका अध्यक्ष माणिकरत्न शाक्यले महासंघको स्थापना, त्यसको औचित्य, हालसम्म भएका प्रगति र आगामी दिनमा चाल्नुपर्ने कदम लगायतको विषयमा प्रकाश पार्नु भएको थियो।

त्यसक्रममा महासंघका बिशिष्ट सदस्य एवं महासंघका संस्थापक अध्यक्ष मणिरत्न शाक्यले महासंघ स्थापनादेखि हालसम्मका उतार चढावका बिषयमा जानकारी गराउनुभयो । महासंघका सल्लाहकार तेजरत्न शाक्यले सुनचाँदी व्यवसायीका जिम्मेवारी, कर्तव्य र दायित्व लगायका बिषयमा प्रकाश पार्नुभयो । महासंघका महासचिव धर्म सुन्दर शाक्यले सञ्चालन गर्नु भएको सो कार्यक्रममा उपाध्यक्ष विपिन रामदामुले धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रममा महासंघका विभिन्न पदाधिकारी तथा सदस्यहरुको सहभागिता थियो।

महासंघको स्थापना दिवसकै अवसरमा साते प्रदेश र जिल्लाहरुमा समेत विभिन्न कार्यक्रमगरी मनाइएको छ । वि.सं २०६९ सलाको आजकै दिन अर्थात फागुन २० गते महासंघको स्थापना भएको हो।

## नेपाल हस्तकला महासंघद्वारा स्वागत कार्यक्रम आयोजना

फेनेगोसिडा/ललितपुर ।

सुनचाँदी व्यवसायीहरुले सुनचाँदीका मौलिक गरगहना निर्यातमा जोड दिएका छन् । नेपाली मौलिक गरगहनाको बिश्व बजारमा अत्याधिक



माग रहेको भन्दै उनीहरुले यस्ता गरगहनाको निर्यातवाट मुलुकमा रोजगारिका अवसरको सृजना मात्र नभई मुलुकको समग्र अर्थतन्त्रमा नै टेवा पुग्ने बताएका हुन् ।

नेपाल सुनचाँदी व्यवसायी महासंघ र ललितपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरुको स्वागतमा आइतबार काठमाडौंमा आयोजित कार्यक्रममा सहभागी व्यवसायीहरुले सुन तथा चाँदीको मौलिक गरगहना निर्यातको प्रचुर संभाव्यता औंल्याउँदै त्यसबाट मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान पुग्ने बताए।

कार्यक्रममा नेपाल सनुचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले नेपाली मौलिक गरगहनाको निर्यातमा जोड दिँदै यसबाट नेपालले धेरै फाइदा लिन सक्ने बताउनुभयो । अध्यक्ष शाक्यले सुनचाँदी नेपालमा जेम्स एण्ड ज्वलरी काउन्सिलको महत्वमा बारेमा प्रकाश पार्दै व्यवसायी महासंघ, हस्तकला महासंघ र रत्न तथा आभुषण महासंघ जस्ता एउटै प्रकृतिका संघसंस्थारुले आपसमा सहकार्य गरेर व्यवसाय प्रवर्द्धनगर्न सक्ने धारणा राख्नुभयो।

त्यस क्रममा हस्तकला महासंघका अध्यक्ष सुरेन्द्र भाई शाक्यले नेपाली हस्तकलाको महत्व र संभाव्यताका बारेमा प्रकाश पार्नु भएको थियो । बिश्व जारमा नेपाली हस्तकलामा समाग्रिको माग अत्याधिक रहेको उल्लेख गर्दै उहाँले हस्तकलाका सामाग्रि र मौलिक गरगहनाको निर्यातवाट व्यवसायीलाई मात्र नभई सिङगो राष्ट्र लाई नै सम्मान पुग्ने बताउनु भयो।

कार्यक्रममा विभिन्न क्षेत्रमा आवद्ध उद्यमी व्यवसायीहरुले नेपाली मौलिक गरगहना र तीनको महत्वको बारमा प्रकाश पारेका थिए। कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघ र ललितपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरुलाई सम्मान गरिएको थियो।

## रत्न तथा आभुषण व्यवसायी महासंघद्वारा स्वागत

फेनेगोसिडा/काठमाडौं ।

नेपाल सुनचाँदी व्यवसायी महासंघको नवनिर्वाचित कार्य समितिको सम्मानमा नेपाल रत्न तथा आभुषण व्यवसायी महासंघले सम्मान कार्यक्रमको आयोजना गर्यो । त्यस क्रममा रत्न तथा आभुषण व्यवसायी महासंघका अध्यक्ष रमेश महर्जनका साथै दुबै महासंघका विभिन्न व्यक्तिहरुको उपस्थिति थियो।

## मकवानपुर सुनचाँदी व्यवसायी संघको तेस्रो बार्षिक साधारणसभा

फेनेगोसिडा/मकवानपुर।

सुनचाँदी व्यवसायीले नेपाली मौलिक गरगहना निर्यातमा जोड दिएका छन्। नेपाली परम्परागत कला कौशल युक्त गरगहनाको निर्यातवाट रोजगारी प्रवर्द्धन गर्दै मुलुकमा विदेशी मुद्रा आर्जनको समेत प्रशस्त संभावना औंल्याउँदै व्यवसायीहरुले यसकालागि सम्वद्ध सवैको पहलकदमी आवश्यक रहेको बताएका हुन्।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले नेपाली मैलिक गरगहनाको निर्यातवाट व्यवसाय वृद्धि मात्र नभई मुलुकभित्रै प्रशस्त रोजगारीको अवसर समेत सृजना हुने तथा मुलुकमा विदेशी मुद्रा भित्रने संभावना पनि बढ्ने भएकोले यसतर्फ सरकार र व्यवसायी सवैको ध्यान जान आवश्यक भएको बताउनुभयो।

मकवानपुर सुनचाँदी व्यवसायी संघको तेस्रो बार्षिक साधारणसभाका अवसरमा महासंघका अध्यक्ष शाक्यको प्रमूख आतिथिको आशनवाट बोल्दै कच्चापदार्थको पर्याप्त आपूर्तिका लागि विद्यमान कोटामा वृद्धिगर्नकालागि आवश्यक पहल भैरहेको बताउनुभयो।

मकवानपुरस्थित भैरव रोड ५ को पुजा बैंकेट पार्टी प्यालेशमा २०७७ माघ २५ गते सो साधारणसभा सम्पन्न भएको सो साधरणसभामा उहाँले प्रदेश संरचनालाई थप व्यवस्थित र मर्यादित वनाउने काम समेत भैरहेको बताउनुभयो।

त्यसक्रममा महासंघका उपाध्यक्ष दियेस रत्न शाक्यले व्यवसाय सञ्चालनका क्रममा देखिएका समस्या समाधान हुनुपर्नेमा जोड दिनुभयो ।



वाग्मति प्रदेशका संयोजक ज्योति रत्न बज्राचार्य, मकवानपुर सुनचाँदी व्यवसायी संघका संघका पुर्व अध्यक्ष एवं सल्लाहकार पूर्णरत्न शाक्य, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रमेलाला महर्जन लगायतका कार्यक्रममा आफ्नो भनाई राख्नु भएको थियो।

संघका अध्यक्ष केशव रसाइलीको अध्यक्षतामा सम्पन्न साधारणसभामा महासंघका तर्फवाट अध्यक्ष माणिकरत्न शाक्य, उपाध्यक्ष दियेस रत्न शाक्य तथा सदस्यहरु सुविन शाक्य र प्रकाशचन्द्र शाक्यको सहभागिता रहेको थियो।

# व्यवसायी हत्याको विरोधमा देशभर विरोध

फेनेगोसिडा/काठमाडौं।
नेपाल सुनचाँदी व्यवसायी महासंघ लाहान नगर संघका सुनचाँदी व्यवसायी प्रदिप विश्वकर्माको सिरहाको लहानमा गोलि हानी हत्या भएकोमा नेपाल सुनचाँदी व्यवसायी महासंघको गंभिर ध्यानाकर्षण भएको जनाएको छ। लहान स्थित अमिता ज्वेलर्सका संचालक ४० बर्षिय विश्वकर्माको पसल लुट्न आएका लुटेरा समूहले गोली हानी हत्या गरेका हुन् । यो घटनाले मुलुकभरका सुनचाँदी व्यवसायीलाई त्रसित र भयभित मात्र बनाएको छैन, यसले सिँगो मुलुकको सुरक्षा व्यवस्था र व्यवसायीक सुरक्षाको बिषयमा समेत गंभिर प्रश्नचिन्ह खडा भएको महासंघले जनाएको छ।
सिरहाको लहान नगरपालिका-२३ गढिया चोकमा सुनचाँदी पसल गर्दै आएका विश्वकर्माको हत्या पछि सो समूहले अमिता ज्वेलर्समा रहेका सुनचाँदी र नगद पनि लुटपाट गरेको महासंघका प्रवक्ता मनोज शाहले बताउनुभयो । त्यसक्रममा मृतक विश्वकर्माको श्रीमति अमिता विश्वकर्मा पनि घाइते हुनुभएको छ । लुटेरा समूहले उहँको श्रीमतीमाथि कुटपिट गरी घाइते बनाएका हुन्। व्यवसायी विश्वकर्मा श्रीमतीसँग त्यही बसेका बेला लुटेरा समूहले गोली चलाएको पाइएको शाहको भनाई छ।
व्यवसाय सञ्चालनका क्रममा यसरी लुटपाट तथा हत्या गरिनु अत्यन्तै निन्दनिय मात्र छैन यसमा सिङ्गो मुलुकमा विद्यमान शान्ति सुरक्षाको कमजोर अवस्थाको चित्रण भएको छ । यसले आम व्यवसायीलाई हतोत्साही मात्रै नवनाई चिन्तित र दुखित समेत तुल्याएको माहसंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा भनिएको छ- 'यस किसिमका घटना विगतमा पनि बारम्वार हुँदै आएका छन् । यस किसिमका आततायी कृयाकलापको नियन्त्रण गरी आम व्यवसायीलाई निर्वाधरुपमा शान्ति सुरक्षा उपलब्ध गराउनु राज्यको दायित्व हो । यसतर्फ हामी सरकार एवं सुरक्षा निकायको ध्यानाकर्षण गराउँदै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन आग्रह गर्दै दोषिलाई तत्काल नियन्त्रणमा लिई आवश्यक कारवाही गर्न र मृतकको परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्थागरी शान्ति सुरक्षाको प्रत्याभूतिगर्न महासंघले जोडदार माग गर्दछौं।'

# सुनचाँदी व्यवसायी संघ कास्कीको पद स्थापन

फेनेगोसिडा/कास्की।
सुनचाँदी व्यवसायी संघ कास्कीको तेस्रो अधिवेशनबाट सर्वसम्मत भएका पदाधिकारीहरु र निर्वाचित सदस्यहरुको पदस्थापन कार्यक्रम सम्पन्न भएको छ। पुष ११ गते तेस्रो अधिवेशनका दिनमा सर्वसम्मत चयन भएका अध्यक्ष राजेशमान वुद्धाचार्य, उपाध्यक्ष भविन्द्र विश्वकर्मा, दिपक घिमिरे, महासचिव चोक वहादुर गौतम (तारा), सचिव कमलमान सुनार, कोषाध्यष सोभितमान वुद्धाचार्य, सहकोषाध्यक्ष मंगलराज शाक्य




सहसचिव सिता पन्थी (विश्वकर्मा) र महिला सदस्य अञ्जिता लोहनी दियाली र माघ १७ गते निर्वाचन प्रकृयाबाट निर्वाचित सदस्यहरु महेन्द्र विश्वकर्मा, गणेश सुनार दुर्गा सुनार, टेक नारायण शाक्य, नितिन वज्राचार्य नरकुमार सुनार, राजकुमार विाघिमिरे, राजेन्द्र वहादुर सुनार, जीवन सुनार, भिम वहादुर विश्वकर्मा र दुई जना मनोनित सदस्य दिनेशमान वुद्धाचार्य र सोम वहादुर विश्वकर्मा सहित २१ जनालाई निर्वाचन समितिका संयोजक हेमराज वरालले पद तथा गोपनियताको सपथ खुवाएर पदस्थापना गराउनु भएको थियो।
सपथ ग्रहण कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष माणिक रत्न शाक्यले सुन चाँदी व्यवसायलाई सफल बनाउन ४ खम्बे रोडम्याप अघि सारेको बताउनुभयो । उपभोक्ता मैत्री व्यवसाय, दक्ष कालिगढको प्रयोग, लगानीको सुरक्षा र व्यवसायिक एकताको रोडम्यापलाई देशव्यापी वनाउने वताउँदै अध्यक्ष शाक्यले सुनचाँदीमा सरकारले सिण्डिकेट लगाएर सरकारी बैंक मार्फत मात्र सुन किन्नु पर्ने बाध्यता रहेको बताउनुभयो । सुनको माग दैनिक २५ किलो रहेकोमा सरकारले १० किलो मात्र दिने गरेको त्यसले गर्दा सुन कारोवारमा तस्करी, कालोवजारी मौलाउन वल पुगेको उहाँले वताउनुभयो । चोरीको सुन किन्ने सुन पसललाई भरहेको कारवाहीको स्वरुप वदलेर देवानी संहिता अन्तरगत हुने बताउँदै वजार अनुगमन मापदण्ड बनाएर मात्र अनुगमन गर्ने सहमति भएको तर ७ वर्ष देखि अनुगमन कार्यनिधि मापदण्ड सरकारले नवनाएको र अनुगमन पनि नभएको अध्यक्ष शाक्यले वताउनुभयो।
पदस्थापन कार्यक्रममा उद्योग वाणिज्य संघ गण्डकी प्रदेशका अध्यक्ष सञ्जिव वहादुर कोइराला, सुनचाँदी व्यवसायी संघ गण्डकी प्रदेश अध्यष चन्द्र किशोर गौतम, निवर्तमान केन्द्रीय सदस्य वुद्धि गहतराज, व्यवसायी तथा पूर्व का.स.स. दशरथ सुनार लगायत वक्ताहरुले नयाँ कार्य समितिलाई सुझाव सहित शुभकामना व्यक्त गर्नु भएको थियो।
कार्यक्रममा बोल्दै नवनिर्वाचित अध्यक्ष राजेशमान वुद्धाचार्यले आफ्नो कार्यकालमा गरिने कार्य योजना विषयमा प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । अध्यक्ष वुद्धाचार्यले व्यवसायीलाई लेखा तालिम, कालिगढी तालिम दिने, हेल्प डेस्क राख्ने, कच्चा पदार्थ सहज आपूर्तिको व्यवस्था मिलाउदै व्यवसायीलाई पूर्ववत वनाउन पहल गर्ने लगायतका प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । निर्मल दियाली सुनारको अध्यक्षतामा भएको कार्यक्रमको संचालन अनिषा श्रेष्ठले गर्नु भएको थियो ।

## सुनचाँदी व्यवसायी संघ मोरङको साधारण सभा सम्पन्न

फेनेगोसिडा/काठमाडौं।
सुनचाँदी व्यवसायी संघ मोरङको १६ औं बार्षिक साधारण सभा सम्पन्न भएको छ । संघको १६ औं बार्षिक साधारणसभा गत चैत ७ गते कृष्णा होटलमा सम्पन्न भएको हो । महासंघका अध्यक्ष माणिकरत्न शाक्यको सभापतित्वमा सम्पन्न साधारणसभाले शशि भुषण शाहको अध्यक्षतामा ११ सदस्यिय कार्यसमिति चयन गरेको छ।

## सिन्धुली सुनचाँदी ब्यवसायी संघको साधारणसभा सम्पन्न

फेनेगोसिडा/काठमाडौं।
सिन्धुली सुनचाँदी व्यवसायी संघको सातौं तथा आठौं साधारणसभा सम्पन्न भएको छ । उद्योग वाणिज्य संघ सिन्धुलीका अध्यक्ष अमरेस चन्द बैदारको प्रमुख आतिथ्यतामा सो साधारणसभा सम्पन्न भएको हो । सो साधारणसभाले नयाँ कार्यसमिति समेत चयन गरेको छ।

## वाणगंगा सुनचाँदी ब्यवसायी संघको साधारणसभा

फेनेगोसिडा/काठमाडौं।
वाणगंगा सुनचाँदी व्यवसायी संघको सातौं साधारणसभा तथा तेस्रो अधिवेशन सम्पन्न भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको प्रमूख आतिथ्यता तथा संघका अध्यक्ष डिल वहादुर खातीको अध्यक्षतामा सो साधारणसभा सम्पन्न भएको हो । साधारण सभाले नयाँ कार्यसमिति चयन गरेको छ।

## लमजुङ सुनचाँदी ब्यवसायी संघले मनायो स्थापना दिवस

फेनेगोसिडा/लमजुङ।
लमजुङ सुनचाँदी व्यवसायी संघले आफ्नो २५ औं स्थापना दिवस विविध कार्यक्रमको आयोजना गरी मनाएको छ । संघको कार्यालयमा आयोजित कार्यक्रममा संघका आवद्ध विभिन ब्यक्तित्वहरुको अपस्थिति रहेको थियो।

## महान्यायाधिवक्ता रमेश बडालसंग समसामयिक बिषयमा छलफल



फेनेगोसिडा/काठमाडौं।
नेपाल सुनचाँदी व्यवसायी महासंघले महान्यायाधिवक्ता रमेश बडालसंग भेटगरी समसामयिक बिषयमा छलफल गरेको छ। महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधी मण्डलले महान्यायाधिवक्ताको कार्यालयमा भएको भेटका अवसरमा सुनचाँदी व्यवसाय र यस सँग जोडिएका कानुनी पक्षका बिषयमा छलफल गरेको हो।

छलफलका क्रममा महान्यायाधिवक्ता बडालले व्यवसायीलाई परेका कानूनी बाधा व्यवधानको सहजिकरणगर्न आफूहरु तयार रहेको बताउनुभयो। उहाँले यसकालागि सरोकारवाला सवै पक्षहरु सम्मिलित एक बिशेष छलफल कार्यक्रमको आयोजना गरी त्यसवाट आउने सुझावलाई कार्यान्वयनमा लैजान आफूले सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो। त्यसक्रममा महासंघका अध्यक्ष शाक्यले कानूनी अष्प्रष्टताका कारण व्यवसायीहरुले अनाहकमा सजाएँ भोग्नु परेको र अनावश्यक रुपमा मुद्दा मामिलामा फस्नुपरेको उल्लेख गर्दै व्यवसाय सञ्चालनकालागि प्रष्ट नीतिगत एवं कानूनी व्यवस्था हुनुपर्ने खाँचो औंल्याउनुभयो। भेटमा महासंघका विभिन्न पदाधिकारीहरुको सहभागिता थियो।

## प्रहरी महानिरिक्षक शैलेश थापा क्षेत्रीसँगको भेट



फेनेगोसिडा/काठमाडौं।
नेपाल सुनचाँदी व्यवसायी महासंघले प्रहरी महानिरिक्षक शैलेश थापा क्षेत्रीसँग उहाँकै कार्यकक्षमा भेटगरी मुलुकको शान्ति सुरक्षाको विद्यमान अवस्था र व्यवसायीले भोग्नुपरेको समस्याका बिषयमा छलफल गरेको छ। महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधीमण्डलले प्रहरी महानिरिक्षक थापासँगको भेटका क्रममा व्यवसायीलाई परेको अप्ठ्याराहरु जानकारी गराएको हो।
अध्यक्ष शाक्यले शान्ति सुरक्षाको स्थिति मजवुत वनाउनुपर्ने, सुनचाँदी जस्तो संवेदनशील क्षेत्रमा कामगर्ने व्यवसायीहरुलाई शान्ति सुरक्षाको प्रत्याभूति हुनुपर्ने, सुनको ओरार पसारका दौरानमा वास्तविकतालाई ध्यान नदिंदै झुटा आरोप लगाएर व्यवसायीलाई फसाउने कार्य रोकिनुपर्ने जस्ता बिषयमा ध्यानाकर्षण गराइएको थियो।
त्यसक्रममा प्रहरी महानिरिक्षक थापाले व्यवसायीले राखेका मागको सम्वोधनगर्न आफूले सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो।

## ललितपुर सुनचाँदी ब्यवसायी संघको आठौं बार्षिक साधारणसभा सम्पन्न




फेनेगोसिडा/ललितपुर।
ललितपुर सुनचाँदी व्यवसायी संघको आठौं बार्षिक साधारणसभा सम्पन्न भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको प्रमूख आतिथ्यतमा साधारणसभा सम्पन्न भएको हो। संघका अध्यक्ष रमेश बहादुर शाक्यको सभातित्वमा साधारणसभा सम्पन्न भएको हो। त्यसक्रममा सहभागी व्यवसायीहरुले सुनचाँदी व्यवसायका विविध पक्षका बारेमा प्रकाश पारेका थिए।

## नेपाल सुनचाँदी ब्यवसायी संघ काभ्रेको छैठौं बार्षिक साधारणसभा सम्पन्न




फेनेगोसिडा/काभ्रे।
नेपाल सुनचाँदी व्यवसायी संघ काभ्रेको छैठौं बार्षिक साधारणसभा सम्पन्न भएको छ। नेपाल सनुचाँदी व्यवसायी महासंघका विभिन्न पदाधिकारी तथा सहस्यहरुको उपस्थितिमा सो साधारणसभा सम्पन्न भएको हो। साभारणसभा नेपाल सुनचाँदी व्यवसायी संघ काभ्रेका अध्यक्ष दानकाजी शाक्यको अध्यक्षतामा भएको हो।
यसै वीच गुणस्तर तथा नौपतौल क्षेत्रिय कार्यालयको टोलीले संघको संयोजकत्वमा डिजिटल ढक तराजु जाँच कार्य सम्पन्न गरेको छ।

# माणिक रत्न शाक्यको अध्यक्षतामा महासंघमा सर्वसम्मत नयाँ नेतृत्व

फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघको सातौं तथा आठौ बार्षिक साधारणसभा एवं तेस्रो महाधिवेशन सम्पन्न भएको छ। २०७७ पुस २४ देखि २६ गते सम्म तीन दिन काठमाडौमा भएको महाधिवेशनवाट महासंघका वरिष्ठ उपाध्यक्ष माणिकरत्न शाक्य सर्वसम्मत रुपमा अध्यक्षमा निर्वाचित हुनु भयो।

साधारणसभा तथा महाधिवेशनको उद्घाटनका अवसरमा  शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं महासंघका सल्लाहकार कृष्ण गोपाल श्रेष्ठले एकतावद्ध भएर लाग्न व्यवसायीलाई सुझाव दिनुभयो । आपसमा  झिना मसिना विवाद भए पनि त्यसलाई भुलेर अगाडि बढ्न सक्नुपर्ने खाँचो औंल्याउंदै उहाँले महासंघलाई सक्षम र दरिलो बनाउन सुझाव दिनुभयो। व्यवसाय सञ्चालनका क्रममा कुनै समस्या देखिएको भए त्यसको समाधानका लागि सरकार तयार रहेको वताउँदै उहाँले समस्याहरुलाई लिपिवद्ध गरेर ल्याउन आग्रह गर्नुभयो।



साधारणसभा तथा महाधिवेशनको उद्घाटनका क्रममा नेपाल राष्ट्र बैंकका तत्कालिन सिनियर डेपुटी गभर्नर चिन्तामणि सिवाकोटीले व्यवसायीले उठाएका जायज माग पुरागर्न राष्ट्र बैंक तयार रहेको बताउनुभयो । त्यसक्रममा राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले व्यवसायीले आफ्नो हक, अधिकार र जिम्मेवारी प्रति निष्ठावान भएर लाग्नुपर्ने धारणा व्यक्त गर्नुभयो । त्यसक्रममा विभिन्न सरकारी निकायका प्रतिनिधी तथा व्यवसायीले आ-आफ्नो धारणा राख्नु भएको थियो । महासंघका तत्कालिन अध्यक्ष मोहन कुमार सुनारको सभापतित्विमा सम्पन्न सो साधारणसभा तथा महाधिवेशनको उद्घाटनका क्रममा महासंघका नवनिर्वाचित अध्यक्ष माणिक रत्न शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो  । साधारणसभा तथा महाधिवेशनको उद्घाटनका अवसरमा विभिन्न सरकारी अधिकारी एवं व्यवसायीले पनि आ-आफ्नो धारणा राख्नु भएको थियो । साधारणसभा तथा महाधिवेशनको दोस्रो र तेस्रो दिन बन्द सत्र भएको थियो । महाधिवेशनवाट महासंघको अध्यक्षमा माणिक रत्न शाक्यका साथै सिङगो कार्यसमिति नै निर्विरोध निर्वाचित भएको थियो।

त्यसक्रममा महासंघको वरिष्ठ उपाध्यक्षमा अर्जुन रसाइली निर्वाचित हुनु भयो।  उपाध्यक्ष हरुमा क्रमशः मोहन काजी शाक्य, दियेश रत्न शाक्य र विपिन रामुदामु निर्वाचित हुनु भयो। यस्तै एशोसिएट्स उपाध्यक्षमा पवन सोमानी, महासचिवमा धर्म सुन्दर बज्राचार्य, कोषाध्यक्षमा सुदिप श्रेष्ठ, सचिवद्धयमा किरणभाई बज्राचार्य र वावुराम विश्वकर्मा निर्वाचित हुनु भयो।  प्रवक्तामा मनोज कुमार शाह निर्वाचित हुनु भयो । यस्तै सह कोषाध्यक्षमा पद्म सुन्दर शाक्य निर्वाचित हुनुभयो । महासंघका विधानमा ५५ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ।

साधारण सभाले विधान संशोधनगरी केही नयाँ पद सिर्जना गरी त्यसमा विभिन्न व्यक्तिहरुलाई चयन गर्ने निर्णय पनि गर्यो । जस अनुसार प्रश्तावित उपाध्यक्षहरुमा शिव सर्राफ, निर्मल विश्वकर्मा, दुर्गा वहादुर सुनार, महेन्द्र रत्न शाक्य, जोगलाल विश्वकर्मा र भरत अग्रवाल रहनुभएको छ। यस्तै प्रश्तावित सचिवमा केश वहादुर सुनार तथा प्रश्तावित सह कोषाध्यक्षमा रमेश रसाइली रहनु भएको छ। नयाँ व्यवस्था अनुरु अव महासंघमा ७७ जनाको कार्यसमिति रहने छ।

संघीय संरचना अनरुप आफूलाई अगाडि बढाएको महासंघले यसअघि नै प्रदेशगतरुपमा नयाँ नेतृत्व चयन गरिसकेको थियो । केन्द्रिय नेतृत्वमा प्रत्येक प्रदेशवाट दुई/दुई जनाका दरले १४ जना र बाँकी एक महिला सदस्य सहितका पदाधिकारी एवं सदस्यहरु केन्द्रिय तहवाट छनौट गर्ने व्यवस्था विधानमा छ।

# नवनियुक्त अध्यक्ष शाक्यद्वारा पदभार ग्रहण

फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघका नवनिर्वाचित अध्यक्ष माणिक रत्न शाक्यले एक बिशेष कार्यक्रमकावीच अध्यक्षको पदभार ग्रहण गर्नुभयो। महासंघका पुर्व अध्यक्ष मणि रत्न शाक्यले एक समारोहका वीच उहाँलाई पदभार ग्रहण गराउनु भएको हो।




नवनियुक्त अध्यक्ष शाक्यले पदभार ग्रहणका क्रममा सुनचाँदी व्यवसायीको हक अधिकारको सुनिश्चितताका लागि आफ्नो पहल हुने वताउनुभयो । उहाँले गरगहनाको खरिदबिक्री तथा ओसारपसार लगायतका क्षेत्रमा उत्पन्न सदस्याको समाधानका लागि आफू सक्रिय हुने बताउनुभयो।

व्यवसाय सञ्चालनका क्रममा देखिने अप्ठ्याराहरुलाई सल्टाउँदै पेशागत सुरक्षाका लागि आफ्नो नेतृत्वको टिम लागिपर्ने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो। नवनियुक्त अध्यक्ष शाक्य यसअघि महासंघको वरिष्ट उपाध्यक्ष हुनुहुन्थ्यो ।

# नेपाल सुनचाँदी व्यवसायी महासंघको कार्य समिति

| क्रस | नाम | पद |
|---|---|---|
| १. | श्री माणिकरत्न शाक्य | अध्यक्ष |
| २. | श्री मोहन कुमार सुनार | निवर्तमान अध्यक्ष |
| ३. | श्री अर्जुन रसाईली | वरिष्ठ उपाध्यक्ष |
| ४. | श्री मणिरत्न शाक्य | विशिष्ट सदस्य |
| ५. | श्री मोहनकाजी शाक्य | प्रथम उपाध्यक्ष |
| ६. | श्री दियेशरत्न शाक्य | द्वितिय उपाध्यक्ष |
| ७. | श्री विपेन्द्र रामुदामु | तृतिय उपाध्यक्ष |
| ८. | श्री पवन कुमार सोमानी | वस्तु.एसो.उपाध्यक्ष |
| ९. | श्री निर्मल विश्वकर्मा | प्रस्तावित उपाध्यक्ष |
| १०. | श्री शिव कुमार सर्राफ | प्रस्तावित उपाध्यक्ष |
| ११. | श्री महेन्द्ररत्न शाक्य | प्रस्तावित उपाध्यक्ष |
| १२. | श्री दुर्गा बहादुर सुनार | प्रस्तावित उपाध्यक्ष |
| १३. | श्री जोगलाल बिश्वकर्मा | प्रस्तावित उपाध्यक्ष |
| १४. | श्री भरत अग्रवाल | प्रस्तावित उपाध्यक्ष |
| १५. | श्री धर्मसुन्दर बज्राचार्य | महासचिव |
| १६. | श्री सुदिप श्रेष्ठ | कोषाध्यक्ष |
| १७. | श्री किरणभाई बज्राचार्य | सचिव |
| १८. | श्री बाबुराम बिश्वकर्मा | सचिव |
| १९. | श्री केशं बहादुर सुनार | प्रस्तावित सचिव |
| २०. | श्री मनोज कुमार साह | प्रवक्ता |
| २१. | श्री पद्‌म सुन्दर शाक्य | सहकोषाध्यक्ष |
| २२. | श्री रमेश रसाईली | प्रस्तावित सहकोषाध्यक्ष |
| २३. | श्री रुपदल विश्वकर्मा (राजु धमला) | पदेन पदाधिकारी समिति सदस्य |
| २४. | श्री रामजी साह | पदेन पदाधिकारी समिति सदस्य |
| २५. | श्री ज्योतीरत्न बज्राचार्य | पदेन पदाधिकारी समिति सदस्य |
| २६. | श्री चन्द्र किशोर गौतम | पदेन पदाधिकारी समिति सदस्य |
| २७. | श्री बुद्धि बहादुर बि.के. | पदेन पदाधिकारी समिति सदस्य |
| २८. | श्री जनक सुनार | पदेन पदाधिकारी समिति सदस्य |
| २९. | श्री सन्तोष लामिछाने | पदेन पदाधिकारी समिति सदस्य |
| ३०. | श्री रबिन शाक्य | पदाधिकारी समिति सदस्य |

| क्रस | नाम | पद |
|---|---|---|
| ३१. | श्री हेमराज शाक्य | कार्यसमिति सदस्य |
| ३२. | श्री राजभाई बज्राचार्य | कार्यसमिति सदस्य |
| ३३. | श्री राजेन्द्र विश्वकर्मा | कार्यसमिति सदस्य |
| ३४. | श्री सुब्बा सुनार | कार्यसमिति सदस्य |
| ३५. | श्री चित्र बहादुर विश्वकर्मा | कार्यसमिति सदस्य |
| ३६. | श्री अम्मर घताने | कार्यसमिति सदस्य |
| ३७. | श्री भिम सदाशंकर | कार्यसमिति सदस्य |
| ३८. | श्री बदरे अलाम अन्सारी | कार्यसमिति सदस्य |
| ३९. | श्री सुबिन बज्राचार्य | कार्यसमिति सदस्य |
| ४०. | श्री प्रकाश चन्द्र शाक्य | कार्यसमिति सदस्य |
| ४१. | श्री निरज कुमार सर्राफ | कार्यसमिति सदस्य |
| ४२. | श्री ध्रुव कुमार गहतराज | कार्यसमिति सदस्य |
| ४३. | श्री नरेन्द्र विश्वकर्मा | कार्यसमिति सदस्य |
| ४४. | श्री मनकाजी वि.क. | कार्यसमिति सदस्य |
| ४५ | श्री प्रकाश सुनुवार | कार्यसमिति सदस्य |
| ४६ | श्री बालकृष्ण वि.क. | कार्यसमिति सदस्य |
| ४७. | श्री एम.बि.विश्वकर्मा | कार्यसमिति सदस्य |
| ४८. | श्री हरि बहादुर वि.क | कार्यसमिति सदस्य |
| ४९. | श्री ऋतु सेञ्चुरी | कार्यसमिति सदस्य (महिला) |
| ५०. | श्री टिकाराम विश्वकर्मा (लामगादे) | कार्यसमिति सदस्य |
| ५१. | श्री राजकुमार गुप्ता | कार्यसमिति सदस्य |
| ५२. | श्री कृष्ण बहादुर सुनार | कार्यसमिति सदस्य |
| ५३. | श्री जीवनज्योति सदाशंकर | कार्यसमिति सदस्य |
| ५४. | श्री निर्मल दियाली | कार्यसमिति सदस्य |
| ५५. | श्री तेज बहादुर वि.क. | कार्यसमिति सदस्य |
| ५६. | श्री भिमसिंह सुनार बराईली | कार्यसमिति सदस्य |
| ५७. | श्री लोक बहादुर स्वर्णकार | कार्यसमिति सदस्य |
| ५८. | श्री दलबहादुर सुनार | कार्यसमिति सदस्य |
| ५९. | श्री टुलक प्रसाद विश्वकर्मा | कार्यसमिति सदस्य |
| ६०. | श्री कृष्णामान सोब | कार्यसमिति सदस्य |
| ६१. | श्री रमेश बहादुर सुनार | कार्यसमिति सदस्य |
| ६२. | श्री कुमार निरौला | कार्यसमिति सदस्य |
| ६३. | श्री सुख नारायण सोनार | कार्यसमिति सदस्य |
| ६४. | श्री सुजित शाक्य | कार्यसमिति सदस्य |
| ६५. | श्री भिम प्रसाद पाण्डे | कार्यसमिति सदस्य |
| ६६. | श्री सुदेश चन्द्र राजभण्डारी | प्रस्तावित कार्यसमिति सदस्य |
| ६७. | श्री टेकरत्न बज्राचार्य | प्रस्तावित कार्यसमिति सदस्य |
| ६८. | श्री मदनकाजी शाक्य | प्रस्तावित कार्यसमिति सदस्य |
| ६९. | श्री झविन्द्र विश्वकर्मा | प्रस्तावित कार्यसमिति सदस्य |
| ७०. | श्री जीवन शाक्य | प्रस्तावित कार्यसमिति सदस्य |
| ७१. | श्री देवी प्रसाद बर्मा | प्रस्तावित कार्यसमिति सदस्य |
| ७२. | श्री दिपक कुमार वि.क. | प्रस्तावित कार्यसमिति सदस्य |
| ७३. | श्री कृष्ण सुनार | प्रस्तावित कार्यसमिति सदस्य |
| ७४. | श्री दिनेश साह सोनार | प्रस्तावित कार्यसमिति सदस्य |
| ७५. | श्री राम आशिष साह | प्रस्तावित कार्यसमिति सदस्य |
| ७६. | श्री राकेश कुमार सोनी | प्रस्तावित कार्यसमिति सदस्य |
| ७७. | श्री गोबिन्द सुनार | प्रस्तावित कार्यसमिति सदस्य |

प्रकाशकः नेपाल सुनचाँदी व्यवसायी महासंघ, प्रकाशन समिति।
संयोजकः किरण भाई बज्राचार्य
सदस्यहरुः मनोज कुमार साह, पद्‌म सुन्दर शाक्य, सुब्बा सुनार, मदनकाजी शाक्य।
अतिथि संपादकः शिव दुवाडी

मुद्रणः Rise Print
Call: 9841299668
www.riseprint.com.np